# प्रभाव दैनिक
National Daily

वर्ष १० | अंक २८६ | काठमाडौं | बुधबार, २ फागुन २०८० | Prabhab National Daily | Wednesday, February 14, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–



**सवारी साधन व्यवस्थापनका लागि अनुरोध**

- काठमाडौं उपत्यका प्रवेश गर्ने र बाहिरिने लामो तथा मध्यम दुरीका बसहरू गोंगबुस्थित नयाँ बसपार्क वा तोकिएको अन्य स्थानबाट ओराल्ने र छढाउने गरौं ।
- सवारी व्यवस्थापनमा तोकिएका नियमपूर्ण रूपले पालना गरौं ।
- शहरी क्षेत्रका तोकिएका स्थानमा मात्र यात्रुवाक सवारी साधन रोक्ने, यात्रु चढ्ने र ओर्लने गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


ललिता निवास प्रकरण

## सुनुवाइ सकियो, संक्षिप्त फैसलाको तयारी




- ललिता निवास सरकारी जग्गा घोटाला प्रकरणमा पूर्वउपप्रधानमन्त्री विजयकुमार गच्छदारसहित १७५ जनाविरुद्ध विशेष अदालतमा २०७६ मा मुद्दा दायर भएको थियो
- यो प्रकरणमा पक्राउ परेका व्यवसायी मीनबहादुर गुरूङलाई भदौ २४ गते दुई करोड ४६ लाख रूपैयाँ धरौटीमा छाड्ने आदेश दिएको थियो भने गच्छदार देउवा प्रधानमन्त्री भएको बेला १० लाख धरौटीमा छुटेका थिए
- १४३ रोपनी जग्गा हिनामिना प्रकरणमा एमाले उपाध्यक्ष विष्णु पौडेलका छोरा नवीन भने जग्गा फिर्ता गरेसँगै मुद्दाबाट जोगिएका थिए

■ प्रभाव संवाददाता

**काठमाडौं–** ललिता निवास जग्गा घोटाला प्रकरणको मुद्दामा विशेष अदालतमा गत माघबाट सुरू भएको सुनुवाइ सकिएको छ । माघ २ गतेदेखि निरन्तर भएको सुनुवाइ मंगलबार सकिएको हो ।

सुनुवाइ सकिएसँगै सम्भवत: आज (बुधबार) संक्षिप्त आदेश आउनसक्ने विशेष अदालतका प्रवक्ता धनबहादुर कार्कीले जानकारी दिए । सरकारी जग्गा व्यक्तिको नाममा दर्ता गरी भ्रष्टाचार गरेको आरोपमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले २०७६ मा मुद्दा दायर गरेको थियो ।

ललिता निवास जग्गा घोटाला प्रकरणमा पूर्वउपप्रधानमन्त्री विजयकुमार गच्छदारसहित १७५ जनाविरुद्ध विशेष अदालतमा मुद्दा दायर भएको थियो । यसअघि काठमाडौं जिल्ला अदालतले यो प्रकरणमा पक्राउ परेका व्यवसायी मीनबहादुर गुरूङलाई भदौ २४ गते दुई करोड ४६ लाख रूपैयाँ धरौटीमा छाड्ने आदेश दिएको थियो । भाटभटेनी सुपरमार्केटका सञ्चालक गुरुङलाई नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले ललिता निवास प्रकरणमा मुख्य योजनाकार किटान गरेको थियो ।

आरोपीविरुद्ध सरकारी वकिल कार्यालय काठमाडौंले संगठित अपराधमा भन्दा पनि सरकारी छाप दस्तखत कीर्ते मुद्दामा मात्रै मुद्दा चलाएको थियो । अदालतले डिल्लीबजार मालपोत कार्यालयका तत्कालीन प्रमुख कलाधर देउजासँग १५ लाख रूपैयाँ र समरजङ कम्पनीका तत्कालीन सहायक लेखापाल विनोद पौडेलसँग १५ लाख नै धरौटी माग गरेको थियो ।

भूमिसुधार तथा व्यवस्था विभागका तत्कालीन महानिर्देशक रुद्रकुमार श्रेष्ठ, सहरी विकास तथा भवन निर्माण विभागका तत्कालीन सिनियर डिभिजनल इञ्जिनियर बालकृष्ण श्रेष्ठ, नापी कार्यालयका तत्कालीन सर्वेक्षक

(क्रमशः पृष्ठ २ मा)

माओवादी विधान अधिवेशन

# संगठन संरचना ५१/४९ प्रस्ताव पदाधिकारी हटाइने



नेकपा माओवादी केन्द्रको काठमाडौंमा जारी विधान अधिवेशनलाई सम्बोधन गर्दै प्रधानमन्त्रीसमेत रहेका पार्टी अध्यक्ष पुष्पकमल दाहाल । *तस्बिरः रासस*



केन्द्रीय समिति र विभिन्न स्तरको समितिको निर्वाचन कसरी गर्ने र कस्तो अपनाउने भन्नेमा बहस चलेको छ । अनुभवले के देखायो भने सबै स्तरको निर्वाचन प्रत्यक्ष प्रणालीमार्फत नै गर्नुपर्छ । स्थानीय, प्रदेश र केन्द्रीय तहको पनि प्रत्यक्ष गर्नुपर्ने हुन्छ ।

■ **पुष्पकमल दाहाल**
अध्यक्ष, माओवादी केन्द्र

■ जेबी योञ्जन

- ५१ प्रतिशत खुला र ४९ प्रतिशत समावेशी संगठन संरचनाको प्रस्ताव
- केन्द्रीय समिति १५१ सदस्यीय, पदाधिकारी हटाइने
- ११ वर्षपछि माओवादी एकल पदीय संरचनामा जाने

**काठमाडौं–** मुलुकको निर्वाचन प्रणाली मिश्रित भएको बेला प्रधानमन्त्री पुष्पकमल दाहाल नेतृत्वको नेकपा माओवादी केन्द्रको रुझान प्रत्यक्ष निर्वाचन प्रणालीतर्फ देखिएको छ ।

जारी विधान अधिवेशनमा नेताहरूले प्रत्यक्ष निर्वाचन प्रणाली अँगाल्दा उपयुक्त हुने राय प्रकट गरिरहेका छन् । पार्टी अध्यक्ष दाहालले भने ५१ प्रतिशत खुला र ४९ प्रतिशत समावेशी संगठन संरचनाको प्रस्ताव गरेका छन् । तर, सुझाव १० प्रतिशत मनोनीत गर्नुपर्ने आएको उनले बताए ।

'नेतृत्वमा १० प्रतिशत मानोनीत गर्नुपर्ने सुझाव आएका छन्,' जारी विधान अधिवेशनमा मंगलबार विधान मस्यौदा पेस गर्दै दाहालले भने, 'विगतको अनुभवले सबै तहमा प्रत्यक्ष निर्वाचित हुनुपर्ने हुन्छ ।' पार्टीका तल्ला कमिटीहरूबाट आएका रायलाई समेटेर अध्यक्ष दाहालले जारी विधान अधिवेशनमा यस्तो प्रस्ताव पेस गरेका हुन् ।

उनले प्रत्यक्ष निर्वाचनको माध्यमबाट नै स्थानीय तहदेखि केन्द्रीय कमिटीसम्म चयन गर्ने विषय उठ्दै आएकाले यसबारे टुंगो लगाउने जिम्मा हललाई नै दिएको पनि बताए । आफू पनि बदलिँदो राजनीतिक परिस्थितिमा प्रत्यक्ष निर्वाचित कमिटीकै पक्षमा रहेको अध्यक्ष दाहालले बताए । तर, जनवादी अभ्यासलाई भने भुल्न नहुने उनको भनाइ छ । 'केन्द्रीय समिति र विभिन्न स्तरको समितिको निर्वाचन कसरी गर्ने र कस्तो अपनाउने भन्नेमा बहस चलेको छ । अनुभवले के देखायो भने सबै स्तरको निर्वाचन प्रत्यक्ष निर्वाचन प्रणालीमार्फत नै गर्नुपर्छ,' विधान अधिवेशनलाई सम्बोधन गर्दै उनले भने, 'स्थानीय, प्रदेश र केन्द्रीय तहको पनि प्रत्यक्ष गर्नुपर्ने हुन्छ ।'

(क्रमशः पृष्ठ २ मा)

## नेतृत्व छाड्न दाहाल तयार !

साढे तीन दशकयता लगातार पार्टी नेतृत्वमा रहेका नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले अब पदमा बसिरहने मन नभएको बताएका छन् । कोही नेता तर्क र तथ्यसहित आए नेतृत्व छाड्ने उनले घोषणा गरे ।

मंगलबार विधान अधिवेशनमा उनले भने, 'कोही कमरेड तर्क र तथ्यसहित आउनुहुन्छ भने मलाई नेतृत्वमा बसिराख्ने लोभ पनि छैन ।' उनले 'जनयुद्ध' लडेका नेता कार्यकर्ताहरूलाई एक जुट हुन पनि अपिल गरे । माओवादी जनयुद्ध र त्यसको नेतृत्वलाई अलि बढी हेपाइ हुन थालेको र जनयुद्धका उपलब्धिलाई अपमानित गरिँदै आएकाले एकताबद्ध हुनुपर्ने उनले बताए ।

'माओवादी जनयुद्धमा सहभागी नेता कार्यकर्तालाई अब ढिलो नगरी एउटै मोर्चा र केन्द्रमा एकताबद्ध हुन अपिल गर्न चाहन्छु । जति ढिलो गर्‍यो, त्यति ठूलो क्षति हुन्छ,' उनले भने, 'आउनुस् बसौं, कहाँ कमी भए समीक्षा गरौं ।'

उनले आफूले जीवनको उत्तरार्द्धमा फेरि एकपटक नयाँ क्रान्तितिर देश लैजाने संकल्प गरेको पनि बताए ।

सन्दर्भ: वैदेशिक रोजगार

# बेलायत जाने नर्सलाई नि:शुल्क अभिमुखीकरण तालिम

■ प्रभाव संवाददाता



**काठमाडौं–** वैदेशिक रोजगार विभागले बेलायत रोजगारीमा जान अन्तिम छनोटमा परेका नर्सहरूलाई नि:शुल्क अभिमुखीकरण तालिम दिने जनाएको छ । विभागले नि:शुल्क तालिमका लागि सम्पूर्ण प्रक्रिया पूरा गरी अन्तर्वार्ताबाट अन्तिम छनोटमा परेका नर्सहरूको नामावलीसमेत सार्वजनिक गरेको छ ।

बेलायत रोजगारीका लागि मापदण्ड पूरा गरी आवेदन दिएका ७१ जनामध्ये अन्तर्वार्तामा ४५ जना नर्स छनोट भएका थिए । तीमध्ये विभिन्न कारणले तीनजना 'ड्रप आउट' भएपछि विभागले तालिममा सहभागी हुने ४२ जना नर्सको मात्रै नामावली सार्वजनिक गरेको छ । विभागले मंगलबार एक सूचना जारी गर्दै बेलायत जान अन्तिम छनोटमा परेका नर्सहरूलाई यही फागुन ८ गतेदेखि नि:शुल्क रूपमा पूर्वप्रस्थान अभिमुखीकरण तालिम दिने उल्लेख गरेको छ । तालिम भैँसेपाटीस्थित राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठानमा हुने भएकाले छनोट भएका उम्मेदवारहरूलाई अनिवार्य सहभागी हुन विभागले आग्रह गरेको छ ।

अभिमुखीकरण तालिममा सहभागी हुनु बेलायत जाने प्रक्रियाको सुरुआत भएको विभागका निर्देशक एवं सूचना अधिकारी कविराज उप्रेतीले बताए । 'तलिमपश्चात् उनीहरूलाई बेलायत पठाउने प्रक्रिया अघि बढ्छ,' उनले भने, 'तालिम सँगसँगै भिसाको प्रोसेस पनि भइरहेको छ, त्यसपछि विभागले श्रम स्वीकृति उपलब्ध गराएर बेलायत पठाउने छ ।' बेलायत रोजगारीका लागि तयार भएका नर्सहरूहरूलाई आगामी मार्चभित्र पठाइसक्ने निर्देशक उप्रेतीले जानकारी दिए ।

दक्ष जनशक्तिको उच्च माग रहेको बेलायतको स्वास्थ्य क्षेत्रमा 'हेल्थ केयर एसिस्टेन्ट'को रूपमा १०० जना नेपाली नर्सलाई पठाउने गरी सरकारले गत साउन ४ गते अर्थात् २० जुलाई २०२३ मा आवेदन माग गरेको थियो । जसमा ७७१ जनाले आवेदन दिएका थिए । तोकिएको मापदण्डअनुसार विस्तृत जाँचपछि ७१ जना योग्य भए पनि ६० जनाले मात्रै अन्तर्वार्ता दिएका थिए ।

नेपाल र बेलायत सरकारबीच सन् २०२२ को अगस्टमा जिटुजी प्रक्रियामार्फत बेलायतमा नर्स पठाउनेसम्बन्धी समझदारीपत्रमा हस्ताक्षर भएको थियो । सोही आधारमा नर्सलाई बेलायतमा रोजगारीको अवसर दिनेगरी 'पाइलट प्रोजेक्ट' तयार गरिएको हो । पहिलो चरणमा छनोट भएका नर्सलाई बेलायल पठाउने काम सम्पन्न भएपछि अर्को चरणमा प्रवेश गर्ने बताइएको छ ।

जिटुजी सम्झौताअनुसार बेलायतको रोजगार भर्ना प्रक्रियामा कुनै पनि व्यक्ति, रोजगारदाता, संघसंस्था वा म्यानपावर कम्पनी वा एजेण्टको सहभागिता निषेध गरिएको छ । साथै रोजगारीका लागि छनोट भएका नर्सहरूले कुनै पनि शुल्क बुझाउनुपर्ने छैन । यद्यपि, उनीहरूले तीन महिना तालिम लिएर त्यहाँको नर्सिङ काउन्सिलमा पनि अनिवार्य दर्ता हुनुपर्ने व्यवस्था गरिएको छ । त्यस्तै श्रम समझदारीअनुसार स्वास्थ्य सेवामा कार्यरत रहँदा नेपाली नर्सहरूको सेवा सुविधा र अधिकार बेलायती स्वास्थ्यकर्मीसरह हुने छ । यो प्रक्रियाबाट बेलायत जाने नर्सहरूको कार्यअवधि पाँच वर्षको हुने छ ।

## बोर्डको सर्भरमा समस्या, सहायता वितरण अवरूद्ध

**काठमाडौं (प्रस)–** वैदेशिक रोजगार बोर्डले अनलाइन सेवा प्रणाली (सफ्टवेयर)मा समस्या देखिएको छ । सफ्टवेरमा समस्या आएपछि आर्थिक सहायतालगायतका सेवाग्राहीलाई दिनुपर्ने सेवा अवरुद्ध हुन पुगेको बोर्डले जनाएको छ ।

बोर्डको सचिवालयले मंगलबार एक सूचना जारी गर्दै वैदेशिक रोजगारीमा गई मृत्यु भएका तथा अंगभंग भएका कामदार र परिवारलाई प्रदान गरिने आर्थिक सहायता वितरणमा प्रयोग हुने सफ्टवेयरमा समस्या आएको उल्लेख गरेको छ ।

बोर्डले सफ्टवेयरको सर्भरमा केही दिनदेखि समस्या आएको जनाउँदै पुन: सञ्चालन हुन अझै केही दिन लाग्ने जनाएको छ । सर्भर मर्मतको काम भइरहेकाले सचिवालयबाट प्रदान गरिने आर्थिक सहायता वितरणलगायतका सेवा अवरुद्ध हुने बोर्डले प्रस्ट पारेको छ ।

अनलाइन सेवा अवरुद्ध भए पनि इमेलमार्फत वा भौतिक रूपमा उपस्थित भई दिइएको निवेदन संकलन कार्य निरन्तर सञ्चालनमा रहेको बोर्डका निर्देशक एवं सूचना अधिकारी टीकाराम ढकालले बताए । उनले जतिसक्दो छिटो सर्भर मर्मत तथा सञ्चालन गर्न प्राविधिक टोलीले काम गरिरहेको जानकारी दिए ।


जनहितमा जारी सन्देश

**जाडोमा आगो ताप्दा, हिटर चलाउँदा वा गिजरको प्रयोग गर्दा अपनाउनु पर्ने सावधानीहरू**

जाडो याममा शरीर वा कोठालाई न्यानो बनाइराख्न आगो ताप्ने, हिटर बाल्ने, गिजरको प्रयोग गर्ने लगायतका उपायहरू गरिए पनि पर्याप्त सावधानी नअपनाउँदा अप्रिय घटनाहरू हुने गरेका छन्। त्यसैले त्यस्ता कार्य गर्दा सावधानीका निम्न उपायहरू अपनाऔं:

- हावा ओहोरदोहोर हुने ठाउँ वा कोठामा मात्र आगो ताप्ने, हिटर बाल्ने वा गिजर प्रयोग गर्ने
- कोइलाजन्य स्रोतबाट सकेसम्म आगो नतापौं
- आगो ताप्दा वा हिटर बाल्दा कागज, कपडा जस्ता छिटो जल्ने खालका सामाग्री नजिकै नराखौं
- आगो तापिसकेपछि त्यसलाई पूर्ण रूपमा निभाउने गरौं
- हिटरको प्रयोग गर्दा समय-समयमा चलिरहेको हिटरलाई बन्द गर्ने गरौं
- सुत्नुअघि अनिवार्य रूपमा हिटर बन्द गरौं
- गिजरको मुख्य मेसिनलाई बाथरूम बाहिर खुला ठाउँमा जडान गरौं
- गिजर खोलेर लामो समयसम्म बाथरूममा बस्ने नगरौं
- गिजर प्रयोग गरेर नुहाउँदा संभव भएसम्म बाथरूमको झ्याल बन्द नगरौं

प्रभाव दैनिक | www.prabhabonline.com | प्रभाव पब्लिकेसन प्रा.लि. कामपा–७, सिफल, काठमाडौं

## पृष्ठ १ बाट क्रमशः

### सुनुवाइ सकियो...

घमनकुमार कार्की, मालपोत कार्यालयका तत्कालीन खरिदार गोपाल कार्की, मालपोत कार्यालयका तत्कालीन नायब सुब्बा योगराज पौडेल, मालपोत कार्यालयका तत्कालीन खरिदार नारायणराज मिश्र, नापी कार्यालयका अमिन अरुणकुमार श्रेष्ठ र लोकराज घिमिरेसँग समान सात लाख ५० हजार रूपैयाँका दरले धरौटी माग गरेको थियो ।

तत्कालीन नापी अधिकृत ध्रुवप्रसाद अर्याल र शिवजी भट्टसँग समान तीन लाख ३० हजार तथा बाबुराजा महर्जन, देवनारायण महर्जन, सकलानन्द महर्जन र सञ्जयकुमार महर्जनसँग समान एक लाख १० हजार रूपैयाँका दरले धरौटी माग गरेको थियो । जग्गा फिर्ता प्रयोजनका लागि प्रतिवादी बनाइएका केशव तुलाधरलाई भने साधारण तारेखमा छाडिएको थियो ।

सिआइबीले २३८ जनाविरुद्ध मुद्दा संगठित अपराध र कीर्तेमा मुद्दा चलाउन राय दिएको थियो । उनीहरूको प्रत्यक्ष संलग्नतामा ललिता निवासको १४३ रोपनी जग्गा व्यक्तिको नाममा गराएको पाइएको सिआइबीको दाबी थियो ।

### के हो ललिता निवास प्रकरण ?

नेपाली कांग्रेसका नेता सुवर्ण शमशेरको दरबार हो, ललिता निवास । प्रजातान्त्रिक सरकारलाई अपदस्त गरी पञ्चायत सुरू भएसँगै सरकारले वि.सं. २०२१ मा हदबन्दी लागू गरेसँगै ललिता निवासको ठूलो क्षेत्रफल सरकारले अधिग्रहण गरेको थियो ।

बालुवाटारस्थित प्रधानमन्त्री निवाससँगै जोडिएको सरकारी जग्गा विभिन्न मितिमा नीतिगत निर्णय गराउँदै अनधिकृत रूपमा व्यक्ति र संस्थाको नाममा कायम गरिएको थियो । कृत्रिम मोही खडा गर्ने, गलत लिखत तयार गर्ने, सट्टाभर्ना दिनेजस्ता कार्य गरेर ललिता निवासको सरकारी जग्गा व्यक्तिका नाममा पुर्‍याइएको अख्तियार दुरूपयोग अनुसन्धान आयोगको प्रतिवेदनमा उल्लेख छ ।

सरकारले ललिता निवासको जग्गा अपचलनबारे छानबिनका लागि नेपाल सरकारका पूर्वसचिव शारदाप्रसाद त्रितालको नेतृत्वमा छानबिन समिति गठन गरेको थियो । उक्त छानबिन समितिको प्रतिवेदनका आधारमा प्रहरी र अख्तियारले थप अनुसन्धान गरेका थिए । अनुसन्धानबाट ललिता निवासको जग्गा हिनामिना भएको र ती जग्गाहरू केही संस्था र झण्डै छ दर्जन व्यक्तिको नाममा रहेको खुलेको अधिकारीहरूको भनाइ छ ।

### कसको पालामा के भयो ?

वि.सं. २०६६ मा माधवकुमार नेपाल प्रधानमन्त्री भएको बेला व्यक्तिको नाम दर्ता, नक्कली मोही खडा र क्षेत्राधिकार मिचिएको विभिन्न प्रतिवेदनले देखाउँछ । नेपाल प्रधानमन्त्री हुँदा ०६६ चैत २९ गते ललिता निवासको जग्गामा 'विशिष्ट व्यक्ति'को निवास विस्तार गर्ने निर्णय भयो ।

सरकारअन्तर्गतको समरजंग कम्पनीका नाममा मोही जनिएको ललिता निवासको जम्मा क्षेत्रफल यकीन गरी सोमा मोही भाग कट्टा गरी बाँकी रहने क्षेत्रफल एवं साविक बाटो तथा राजकुलो यकीन गरी १४ रोपनी १० आना ३ पैसा २.५ दाममा प्रधानमन्त्री, प्रधानन्यायाधीशलगायतका विशिष्ट व्यक्तिको निवास विस्तार गर्ने निर्णय गरिएको थियो ।

सरकारका नाममा रहेको जग्गामा मोहियानी हक प्राप्त हुने कानुनी आधार नरहँदा-नरहँदै ड्राइभर भाइचालगायत ५८ जना नक्कली मोही खडा गराई सरकारी जग्गा व्यक्तिको नाममा कायम गरिएको थियो । बाटो र राजकुलोसमेत गरी २५ रोपनी सात आना जग्गा व्यक्तिको नाम कायम गर्ने काम त्यो बेला भएको थियो ।

नेपालकै पालामा ०६७ साउन २८ गते निर्णय भई नापी र मालपोत कार्यालय डिल्लीबजारले मोही कायम गरेको थियो । त्यो बेला भौतिक योजनामन्त्री विजयकुमार गच्छदार थिए । भौतिक सचिव थिए दीपकुमार बस्न्यात । बस्न्यात पछि अख्तियारको प्रमुख आयुक्तसम्म भए । नेपालको पालामा भएका तीनवटै निर्णय भएका प्रस्ताव ऐन, कानुन प्रतिकूल हुनेगरी आफ्नो पद र कार्यालयको क्षेत्राधिकार नाघी गैरकानुनी रूपमा गरेको भेटिन्छ ।

डा. बाबुराम भट्टराई प्रधानमन्त्री हुँदा २०६९ असोज १८ गते पशुपति टिकिन्छा गुठीका नाममा जग्गा कायम गर्ने निर्णय भएको थियो । तीन रोपनी १२ आनामा कतै अस्तित्वमा नदेखिएको टिकिन्छा गुठी कायम गरी अनधिकृत रूपमा मोही कायम गर्ने निर्णय डा. भट्टराईको पालामा भएको देखिन्छ । ३ रोपनी १२ आना भनिएको यो जग्गा ४ रोपनी १४ आना भएको सिआइबीले जनाएको छ।

यो बेला मुख्यसचिव लीलामणि पौडेल थिए । पौडेललाई अख्तियारले बयान पनि लिए पनि मुद्दा भने हालेन । केपी शर्मा ओली भएपछि त्रितालको संयोजकत्वमा ललिता निवास क्याम्पको जग्गा छानबिन समिति बन्यो । उक्त समितिको प्रतिवेदनका आधारमा सरकारले भ्रष्टाचारमा अख्तियार तथा ठगी र कीर्तेमा सिआइबीलाई अनुसन्धानको जिम्मा दिएको थियो ।

अनुसन्धानपछि अख्तियारले पूर्वउपप्रधानमन्त्री गच्छदारसहित १७५ जनाविरुद्ध विशेष अदालतमा मुद्दा चलाएको थियो । तीमध्ये ११० जनालाई भ्रष्टाचारसम्बन्धी मुद्दा चलाइएको हो । थप ६५ जनालाई भने जग्गा जफत गर्न प्रतिवादी बनाइएको अख्तियारको अभियोगपत्रमा उल्लेख छ । कूल २० अर्ब रूपैयाँको बिगो दाबी गरिएको मुद्दामा तीन पूर्वमन्त्री, तीन पूर्वसचिव छन् ।

देउवा प्रधानमन्त्री भएको बेला २०७८ सालमा नेपाली कांग्रेसका नेता गच्छदार १० लाख रूपैयाँ धरौटीमा छुटे । अख्तियारले गच्छदारसँग नौ करोड ६५ लाख रूपैयाँ बिगो दाबी गरे पनि अदालतले उनलाई १० लाख धरौटीमा छोडेको थियो ।

### जोगिए पौडेल पुत्र

अख्तियारले बालुवाटारस्थित ललिता निवास जग्गा प्रकरणमा १७५ जनालाई प्रतिवादी बनाउँदा सर्वोच्च अदालतका न्यायाधीश कुमार रेग्मी र एमाले उपाध्यक्ष विष्णु पौडेलका छोरा नवीन पौडेललाई भने जोगाएको थियो । अख्तियारले १७५ जनालाई प्रतिवादी बनाएर २०७६ मा मुद्दा दायर गर्दा ६५ जनालाई 'जग्गा जफत गर्ने प्रयोजनका लागिमात्र' प्रतिवादी बनाइएको थियो ।

तर तत्कालीन बहालवाला न्यायाधीश रेग्मी र पौडेलपुत्र नवीनलाई भने 'जग्गा जफत गर्ने प्रयोजनका लागि' समेत प्रतिवादी बनाइएन । नवीनको नाममा ललिता निवासको आठ आना जग्गा रहेकोमा सरकारलाई फिर्ता दिने भनेसँगै अख्तियारले जोगाएको थियो ।

■■■

### संगठन संरचना...

प्रत्यक्ष निर्वाचन प्रणाली अँगालिएको अवस्थामा पनि समावेशी प्रतिनिधित्व भने न्यायोचित हुनेगरी गर्नुपर्नेमा उनको जोड छ । यसबारे निर्णय लिने अधिकार भने हललाई दिइएको छ ।

### एकल पदीय संरचना प्रस्ताव

संगठन प्रणालीमा यसपटक माओवादीले केही परिवर्तन गर्न लागेको छ । एकल पदीय संरचनामा माओवादी फर्किने भएको छ । ११ वर्षअघि माओवादीको संगठन संरचना एकल पदीय थियो । त्यतै जानेगरी अध्यक्ष दाहालले पदाधिकारी नराख्ने प्रस्ताव अघि सारेका छन् ।

माओवादीकी उपाध्यक्ष पम्फा भुसालका अनुसार जनयुद्धबाट शान्ति प्रक्रियामा आएपछि मात्रै माओवादी बहुपदीय संरचनामा गएको थियो । तर, मंगलबार भने अध्यक्ष दाहालले एकल पदीय संरचनामा जाने प्रस्ताव पेस गरे । जुन प्रस्ताव पारित हुनेसमेत देखिएको छ ।

नेतृ भुसालले धेरै नेता पदाधिकारी खारेजी प्रस्तावको पक्षमा उभिएको पनि बताइन् । प्रस्तावमा अध्यक्ष र त्यसपछि स्थायी समिति पार्टी संरचनामा राख्ने प्रस्ताव छ । प्रस्तावउपर आज (बुधबार) छलफल हुने अधिवेशनको कार्यसूची छ ।

एक नेताका अनुसार गत महाधिवेशनमा पार्टीको महासचिव बन्न हालका उपमहासचिवहरू वर्षमान पुन र जनार्दन शर्माले अभियान नै चलाएपछि अध्यक्ष दाहाल संकटमा परेका थिए । त्यसपछि उनले देव गुरुङलाई महासचिव बनाए । यसले गर्दा दुवै उपमहासचिवले अध्यक्ष दाहालको आलोचना गर्दै आएका छन् । यही पृष्ठभूमिमा दाहालले एकल पदीय संरचनामा जाने प्रस्ताव ल्याएका हुन् ।

माओवादी २०६९ सालअघि भने एकल पदीय संरचनामै थियो । त्यसपछि भने बहुपदीय प्रणालीमा गएको हो । तर, अब ११ वर्षपछि फेरि माओवादी बहुपदीय प्रणाली हटाएर अध्यक्षलाई थप बलियो बनाउने बाटोमा अघि बढ्ने भएको हो । यसमा अधिकांश नेताहरू सहमत पनि छन् । जारी विधान अधिवेशनको हलबाट भने अनुमोदन हुन बाँकी रहेको नेता हिमाल राईले बताए ।

उनका अनुसार केन्द्रीय समिति घटाएर १५१ सदस्यीय बनाउने निर्णय नै भइसकेको छ । 'सानो संख्यामा स्थायी समिति राख्ने, पदाधिकारी हटाउने विषयमा छलफल भइरहेको छ,' उनले प्रभावसँग भने, 'अध्यक्ष राख्ने र त्यसपछि स्थायी समिति राख्ने कुरा भइरहेको छ । यो पास हुने सम्भावना छ ।'

अध्यक्ष दाहालले प्रस्तुत गरेको विधान मस्यौदामाथि २० समूहमा विभाजित नेताहरूले छलफल गरिरहेका छन् । समूहहरूलाई छलफल गर्ने समय आज दिउँसो २:०० बजेसम्म निर्धारण गरिएको छ ।

अधिकांश समूहका नेताहरू पार्टीका वडा समितिदेखि केन्द्रीय समितिको हरेक पदपूर्ति प्रत्यक्ष निर्वाचन प्रणालीबाट गर्ने विषयमा करिब सहमतिनजिक छन् । यद्यपि, केही पदमा भने मनोनीत गर्ने विषयसम्बन्धी पनि राय प्रकट भइरहेको नेता राईले बताए ।

उनले भनेजस्तै हलबाट सहमति भए आगामी चैतमा हुने विशेष महाधिवेशनपछि माओवादी नयाँ संगठन संरचनामा जाने छ । हाल माओवादीमा ४०९ सदस्यीय केन्द्रीय समिति र १०९ वैकल्पिक केन्द्रीय सदस्य छन् । यसमध्येबाटै २२ जना पदाधिकारी र ४४ जना स्थायी समिति सदस्य छन् ।

माओवादीको अहिलेको प्रस्तावित विधान मस्यौदामा अध्यक्ष, वरिष्ठ उपाध्यक्ष, उपाध्यक्ष, महासचिव, उपमहासचिव, सचिव र कोषाध्यक्ष रहने व्यवस्था छ । पार्टीका नेता हरिबोल गजुरेल यसअघि नेताहरूको व्यवस्थापनका लागि माओवादी बहुपदीय प्रणालीमा गएको थियो । तर पदमात्रै भएको, भूमिका नभएका कारण पदाधिकारी नै हटाउने प्रस्ताव आएको सञ्चारकर्मीहरूसँग बताए ।

'नेताहरूको व्यवस्थापन गर्न बहुपदमा जाने निर्णय भएको थियो तर पदमात्रै भयो, भूमिका भएन । जुन पद दिइयो, त्यसको अधिकार प्रयोग गर्न पाइएन । त्यही हुनाले हटाउने प्रस्ताव आयो,' गजुरेलले भने । माओवादी विधान अधिवेशन बिहीबारसम्म चल्ने छ ।

---

## अटल वचत तथा ऋण सहकारी संस्था लि.

गोकर्णेश्वर न.पा.वडा नं.६, जोरपाटी, काठमाडौं

### कर्जा चुक्ता गर्न आउने ३५ दिने सार्वजनिक सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८०/११/०२ गते (बुधबार)**

यस संस्थाबाट तपसिलमा उल्लेख भएका तपाई ऋणीले सहकारी डिभिजन कार्यालय काठमाडौंमा दर्ता नं.३२३४/०६६/०६७ मिति २०६७/०२/२५ भएको अटल बचत तथा ऋण सहकारी संस्था लि.बाट **घरेलु कर्जा** शीर्षक अन्तर्गत सपना घलान तामाङ जमानी बसी ऋणी र जमानीको संयुक्त नाममा दर्ता रहेको **घरजग्गा** धितो राखी मिति २०७९/०४/१८ मा रु.१७,५०,०००/- (अक्षरेपी सत्र लाख पचास हजार रुपैया) वार्षिक १६% का दरले ब्याज तिर्ने बुझाउने गरी १ (एक) वर्ष अवधिका लागि कर्जा लिएकोमा कर्जाको भाखा नाघी संस्थालाई तिनुपर्नेमा हालसम्म नबुझाई कर्जा सम्बन्धी शर्त तथा बन्देजहरू उल्लंघन गरेकोले सो सम्बन्धी मौखिक तथा लिखित पत्रद्वारा सूचना गर्दा समेत धितोकर्ता एवं संस्थाले तिर्न बुझाउन पर्ने कर्जाको साँवा ब्याज र हर्जना तथा अन्य दैदस्तुरको रकम समेत चुक्ता भुक्तानी नगरी आलटाल गरी बाँकी राखी कर्जा चुक्ता गर्ने तर्फ तत्परता नदेखाएको हुनाले कर्जा चुक्ता गर्न आउने बारे यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र संस्थालाई बुझाउनु पर्ने कर्जाको साँवा ब्याज तथा लागेको दैदस्तुर समेत बुझाउन हुन सम्बन्धित ऋणी र धन जमानी तथा व्यक्तिगत जमानीकर्ताहरूलाई सुचित गरिन्छ । सो म्यादभित्र बक्यौता भएको सम्पूर्ण कर्जा रकम चुक्ता भुक्तान नगरेमा ऋण लिंदा यस संस्थालाई लेखाइदिएको धितो लिलाम बिक्री गरी यस संस्थाको सम्पूर्ण लेना रकम असुलउपर गरी लिने समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ । साथै संरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्रीबाट पनि यस संस्थाको सम्पूर्ण लेना रकम असुल उपर नभएमा वा कथंकदाचित धितोबाट असुलउपर हुन नसकेमा वा असुलउपर नभएमा ऋणी सदस्यको वा निजको एकाघर सगोल परिवारको नाममा रहेको चलअचल श्रीसम्पत्ति वा ऋण लिंदा दृष्टिबन्धकी दिने व्यक्ति एवं जमानी दिनेका नाममा रहेको तथा अन्य जायजेथा सम्पत्तिबाट सहकारी ऐन नियमावली तथा प्रचलित कानुन बमोजिम धितो बन्धक रहेको सम्पत्ति लिलाम समेत गरी असुलउपर गरी लिने तथा धितोकर्तालाई कालो सुचिमा समावेश गरिने व्यहोरा समेत सम्बन्धित सबैलाई सुचित गराइन्छ ।

तपसिल

| क्र.सं. | ऋणीको नाम, थर तथा वतन | जमानीकर्ता |
|---|---|---|
| १. | **नाम** : अविसेक तामाङ<br>**बुबाको नाम** : पूर्ण तामाङ<br>**बाजे** : काले तामाङ<br>**ना.प्र.नं.** २७१००१/१०९८५४<br>**जारी मिति** : २०६९/१२/४<br>**ठेगाना** : जिल्ला काठमाडौं नाङलेभारे गा.वि.स. वडा नं.६, काठमाडौं | **नाम** : सपना घलान तामाङ<br>**ठेगाना** : जिल्ला मकवानपुर हेटौडा न.पा.७<br>**बाबुको नाम** : जित बहादुर घलान<br>**ससुरा** : विश्वमान तामाङ<br>**ना.प्र.नं.** ३१३०२३/१०४५<br>**जारी मिति** : २०६३/१०/२८<br>जि.प्र.का.मकवानपुर |

---

## श्री लालीगुराँस बहुउद्देश्यीय सहकारी संस्था लि.

(बागमती प्रदेश ललितपुर जिल्ला ललितपुर म.न.पा. वडा नं ३,पुल्चोक)

### गैह्र बैकिङ्ग सम्पति लिलाम बिक्री सम्बन्धी ७ दिने सूचना

**प्रकाशित मिति : २०८०/११/०२ गते, बुधबार ।**

यस संस्थाको नाममा रहेको तपशिल विवरणमा उल्लेखित गैह्र बैकिङ्ग सम्पत्तिहरु (घरजग्गा) जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्रि गर्ने बारे ७ दिने सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ८औं दिन उक्त सम्पत्ति (घरजग्गा) खरिद गर्न इच्छुक व्यक्ति/फर्म/कम्पनी/संघ/संस्थाहरुले निम्न बमोजिमका शर्तहरुको अधिनमा रही यस संस्थाको मुख्य कार्यालय ललितपुर-३, पुल्चोकमा प्रस्ताव पेश गर्नुहुन अनुरोध गरिन्छ ।

तपशिल

| सि.नं. | सम्पत्तिको विवरण |
|---|---|
| १ | मालपोत कार्यालय डिल्लीबजार, काठमाण्डौंमा दर्ता रहेको साविक बागमती अञ्चल काठमाण्डौ जिल्ला का.म.न.पा. वडा नं. १० (हाल बागमती प्रदेश काठमाण्डौं जिल्ला का.म.न.पा. वडा नं १०) मा अवस्थित कित्ता नं. १९३ तथा क्षेत्रफल ०-६-२-१ भएको घरजग्गा । |
| २ | मालपोत कार्यालय डिल्लीबजार, काठमाण्डौंमा दर्ता रहेको साविक बागमती अञ्चल काठमाण्डौ जिल्ला का.म.न.पा. वडा नं. १० (हाल बागमती प्रदेश काठमाण्डौं जिल्ला का.म.न.पा. वडा नं १०)मा अवस्थित कित्ता नं. ७९३ तथा क्षेत्रफल ०-२-२-० भएको घरजग्गा । |

**शर्तहरू :**

१. लिलाम बिक्री गरिने सम्पत्तिको स्थलगत निरीक्षण गर्न चाहेमा, कागजपत्रहरु हेर्न चाहेमा र जग्गाको न्यूनतम मुल्य बुझ्न चाहने प्रस्तावकहरुले बोलपत्र पेश गर्नु अगावै संस्थाको मुख्य कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।
२. लिलाम बिक्री गरिने सम्पत्ति खरिद गर्न इच्छुक प्रस्तावकहरुले यो सूचना प्रकाशित भएको मितिले ८औं दिन सम्म दिनको ११:00 बजे देखि ४:00 बजे सम्म बोलपत्र फारम खरिद गरी दर्ता गर्न सकिनेछ ।
३. बोलपत्र फारम संस्थाको मुख्य कार्यालयबाट रु.१,000/- (अक्षरुपी एक हजार मात्र) तिरी फिर्ता नहुने गरी खरिद गर्न सकिनेछ । फोटोकपी गरिएको फारम मान्य हुने छैन ।
४. बोलपत्र फारममा आफूले बोल कबोल गरेको रकम अंक र अक्षरमा उल्लेख गर्नुपर्नेछ । बोलपत्र फारममा आफूले चाहेको अचल सम्पत्तिको विवरण संस्थाबाट प्रकाशित सूचनाको आधारमा भर्नुपर्नेछ ।
५. लिलाम बिक्रीमा अन्तिम पटक सबैभन्दा बढी कबोल गर्ने प्रस्तावकले आफुले कबोल गरेको रकमको १0 प्रतिशतले हुने रकम नगदै धरौटी वापत संस्थामा बुझाउनु पर्नेछ ।
६. लिलाम बिक्री गरिने सम्पत्ति खरिद गर्ने प्रस्तावकले संस्थाबाट लिलाम बिक्री निश्चित्ताको सूचना पाएको ७ दिन भित्र बाँकी रकम बुझाई अचल सम्पत्ति बुझि नलिएमा धरौटी बापत रहेको १0 प्रतिशत रकम स्वत जफत हुनेछ ।
७. लिलाम बिक्री प्रकृयाबाट खरिद गर्ने प्रस्तावकले उल्लेख गरिएको मूल्यको १0 प्रतिशत रकम सोही दिन नबुझाएमा निज पछि सबैभन्दा बढी रकम प्रस्ताव गर्ने प्रस्तावकको नाममा लिलाम बिक्री गरिनेछ ।
८. रित नपुगेको वा म्याद नाघि आएको बोलपत्र स्वतः रद्द हुनेछ ।
९. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार संस्थामा नै निहित रहनेछ ।
१0.अदालत वा अन्य अख्तियार प्राप्त निकायबाट बिक्री कार्य रोक्का गर्न आदेश प्राप्त भएमा बेच बिखन गर्ने कार्य रोक्का गर्न सकिनेछ ।

**बोलपत्र खोलिने मिति, समय र स्थान**

बोलपत्र खोल्ने मिति : २०८०/११/०९ गते, बुधबार ।
समय : बिहान ११:00 बजे देखि दिनको ४:00 बजे सम्म
स्थान : संस्थाको मुख्य कार्यालय, ललितपुर-३, पुल्चोक ।

विस्तृत जानकारीको लागि

**श्री लालीगुराँस बहुउद्देश्यीय सहकारी संस्था लि.**
मुख्य कार्यालयः ललितपुर जिल्ला ल.पु..म.न.पा. वडा नं. ३, पुल्चोक ।
फोन नं. ५४४६१८0, ५४0९0१२, ५४0९१0१ ईमेलः info@shreelaligurans.coop.np

---


## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL ANSARI TAILORS

पूर्व स्वीकृति मिति : २०८०/११/०१ LT. No. 299905 चलानी नं. ६०२१४८९१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Tailor | 4 | 0 | 1100 | ४०,१०३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० फागुन ९ गते (21th Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १०५०/०७३/०७४

EARTH SMART HUMAN RESOURCES NEPAL PVT.LTD.
Sinamangal, Kathmandu-9, Phone No. +977-01-4574652, 4574653
Website: www.earthsmart-nepal.com Email : earthsmartnepal1050@gmail.com


---

## कुमारी बैंक लिमिटेड काठमाडौंको नाममा रहेको गैह्र बैंकिङ्ग सम्पत्ति (घर/जग्गा) लिलाम बिक्रीको लागि ७ दिने गोप्य शिलबन्दी बोलपत्र आह्वानको सूचना

(प्रकाशित मिति २०८०/११/०२ गते प्रभाव दैनिक)

यस कुमारी बैंक लिमिटेडको नाममा दर्ता कायम रहेको तपसिलमा उल्लिखित गैह्र बैंकिङ्ग सम्पत्ति (घर/जग्गा) जहां जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा लिलाम बिक्री गर्न ७ दिने गोप्य शिलवन्दी बोलपत्रको सुचना प्रकाशित गरीएको छ । उक्त गैह्र बैंकिङ्ग सम्पत्ति खरिद गरि लिन ईच्छुक महानुभावहरुले देहायका शर्तहरुको अधिनमा रहि गोप्य शिलवन्दी बोलपत्र दिनहुन सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

१. कुमारी बैंक लिमिटेडको नाममा मालपोत कार्यालय, काठमाण्डौंमा दर्ता कायम रहेको काठमाण्डौं जिल्ला, का.म.न.पा वडा नं. १९ स्थित कित्ता नं. १७८३ को क्षेत्रफल ०-०-१-१ (रोपनी) को जग्गा/घर तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।

शर्तबन्देजहरु:

१. शिलवन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले ७ औं दिन अर्थात मिति २०८० फागुन ८ गते** सम्म कुमारी बैंक लि.को केन्द्रिय कार्यालय अन्तरगत कर्जा असुली विभाग बागवजार, काठमाण्डौमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ ।
२. बोलपत्र फारम यस बैंक लि.को केन्द्रिय कार्यालय अन्तरगत कर्जा असुली विभाग बागवजार, काठमाण्डौंबाट रु ५००/तिरी प्राप्त गर्न सकिने छ । सो बोलपत्रमा उल्लिखित शर्तहरु समेत यसै सूचनाकै अभिन्न अंग मानिने छ ।
३. बोलपत्रमा आफुले सकार गरि लिन चाहेको गैर बैंकिङ्ग सम्पत्ति के कति रकममा सकार गरि लिन चाहेको हो स्पष्ट रुपमा अंक तथा अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनु पर्नेछ । बोलपत्र पेश गर्दा आफुले कबुल गरेको रकमको १०(दश) प्रतिशतले हुन आउने रकम धरौटि बापत यस बैंकमा जम्मा गरि सोको भौचर, यस बैंकको नाममा खिचिएको बैंक गुड फर पेमेन्ट (Good For Payment) चेक बोलपत्रको साथमा संलग्न गरेको हुनु पर्ने छ । सो बाहेक अन्य कुनै किसिमको धरौटी स्वीकार गरिने छैन साथै धरौटी रकममा कुनै ब्याज दिईने छैन ।
४. उक्त घर/जग्गा व्यक्ति वा संस्था एक्लैले वा संयुक्त रुपमा पनि खरिद गर्न सक्ने गरि बोलपत्र पेश गर्न सकिने छ । व्यक्तिको हकमा नागरिकताको प्रमाणपत्रको प्रतिलिपी र संस्थाको हकमा दर्ता प्रमाणपत्र र स्थायी लेखा नंवरको प्रतिलिपी पेश गर्नु पर्ने छ ।
५. यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात मिति २०८० फागुन ९ गते ३:०० बजे** बोलपत्रदाता वा निजको प्रतिनिधि र अन्य प्रतिनिधिहरुको रोहवर बैंकको केन्द्रिय कार्यालय अन्तरगत कर्जा असुली विभाग बागवजार, काठमाण्डौंमा बोलपत्र खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितिले मात्र बोलपत्र खोल्न बाधा पुगेको मानिने छैन ।
६. बोलपत्र बुझाउने अन्तिम दिन/खोल्ने दिन बैंक विदा परेमा सो को भोलिपल्ट अर्थात बैंक खुलेको दिन सोहि समय भित्र बोलपत्र बुझाउन /खोल्न सकिने छ ।
७. म्याद नाघि वा रित नपुगी आएको तथा शर्त राखि दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।
८. बोलपत्र स्वीकृत भएमा सम्वन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५(पन्ध्र) दिन भित्र बोलकबोल गरेको धरौटी बाहेकको बांकी रकम रकम यस बैंकमा जम्मा गर्नु पर्नेछ, अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुने छ ।
९. प्राप्त भएको गोप्य शिलवन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक कबुल गर्नेलाई समेत बोलपत्र आंशिक वा पूर्ण रुपमा स्वीकार गर्ने वा नगर्ने वा पुन: थप निगोशियसन गर्ने वा लिलाम प्रक्र्यानै रद्द गर्ने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहने छ ।
१०.लिलाम गरिएको सम्पत्ति दाखिल खारेज गर्न सम्वन्धित निकाय अड्डा आदिमा लाग्ने सबै प्रकारका कर, राजश्व, दस्तुर आदि सम्पूर्ण दायित्व बोलपत्रदाताले व्यहोर्नु पर्नेछ ।
११. अन्य थप जानकारी चाहिएमा बैंकको प्रधान कार्यालय अन्तरगत कर्जा असुली विभाग बागवजार काठमाण्डौमा सम्पर्क गर्न सकिने छ ।

**बोलपत्र खोलिने मिति २०८० फागुन ९ गते बुधबार अपरान्ह ३:०० बजे**

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि
शाखा कार्यालय बागबजार, काठमाण्डौ फोन नं. ०१-४२४६१०५

---

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

प्रथम पटक प्रकाशित मिति २0८0/११/0२

यस कम्पनीको मिति २0८0/१0/0५ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **सि.के. इन्भेष्टमेन्ट प्रा.लि. (प्रा.लि. नं. २६३८६३)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २0८0/१0/२८ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **सि.के. कर्पोरेट सोलुसन प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

---

## शिलवन्दी दरभाउ पत्र प्रक्रियाबाट वन पैदावार बिक्रीको सूचना

**पहिलो पटक सूचना प्रकाशन मितिः २०८०/११/०२**

यस सामुदायिक वन उपभोक्ता समुहको स्विकृत वन व्यवस्थापन कार्ययोजना अनुसार डिभिजन वन कार्यालय बाँकेको च.नं. २५७६ मिति २०७९/१२/२७ को वन पैदावार संकलन सहमति बमोजिम उत्पादित काठ र दाउराहरू मध्ये समूहमा आन्तरिक खपत भई बाँकी रहेका गोलिया काठ तथा दाउराहरूलाई डिभिजन वन कार्यालय बाँकेको च.न. २१४ मिति २०८०/०४/२३ गतेको बाह्य लिलाम सहमति बमोजिम समूहको घाटगद्दीमा रहेका कर्मा, तेन्दु र बर्रो जातका गोलिया थान ३३ को ६९६.८८ क्यु.फि. काठ, साल जातको दाउरा १.०० चट्टा र अन्य जातको दाउरा ४.०० चट्टालाई हाल जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरि लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक वन पैदावारको लिलाम बिक्रीमा भाग लिनका लागि डिभिजन वन कार्यालयमा सुचिकृत भएका स:मिल वा कम्पनीले यो पहिलो पटक सूचना प्रकाशित भएको मितिले २१ (एक्काईस) दिन भित्र प्रत्येक लटको छुट्टा छुट्टै सिलबन्दी बोलपत्र खरिद गरि २२ औं दिनको दिउँसो २:३० बजेभित्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पुर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटिमा टाँस गरिएको छ ।

**श्री पोखरामाता सामुदायिक वन उपभोक्ता समूह**
**राप्ती सोनारी-७, लालपुर, बाँके**

---


## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : WESTINPLUS SDN.BHD.

पूर्व स्वीकृति मिति २०७९/०८/१२ पुन विज्ञापन स्वीकृति मितिः २०८०/११/०१ LT. No. : 276597 चलानी नं.: ६०१९२२४६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Restaurant Helper | 20 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० फागुन ९ गते (21st Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

License No. : 333/059/60

SUHASHA LINK PVT. LTD.
Samakhusi-14, Tokha, Kathmandu, Nepal
Email : suhashafrontdesk956@gmail.com, documentationsuhasa@gmail.com,
Tel: 01 4982668, 4962338, Fax: 01-4362338

# 'संक्रमणकालीन न्यायसम्बन्धी काम चाँडो टुंग्याउनुपर्छ'




**काठमाडौं (प्रस)**- नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले संक्रमणकालीन न्यायसम्बन्धी काम चाँडो टुंग्याउनुपर्नेमा जोड दिएका छन् । मानवअधिकार रक्षकको चौथो राष्ट्रिय सम्मेलनलाई मंगलबार यहाँ उद्घाटन गर्दै उनले पीडितलाई न्याय दिनेगरी चाँडो संक्रमणकालीन न्याय टुंग्याउनुपर्ने बताए ।

सर्वोच्च अदालत र राष्ट्रिय मानवअधिकार आयोगले निर्देश गरेअनुसार संक्रमणकालीन न्यायसम्बन्धी विधेयक टुंग्याउनुपर्ने उनको भनाइ थियो। आफू प्रधानमन्त्री हुँदा नेपाल कम्युनिस्ट पार्टीका नेता पुष्पकमल दाहाल र नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवालाई आफूले उक्त विधेयक शीघ्र टुंग्याउन आग्रह गरेको बताए ।

आफ्नो पार्टी मानवअधिकार संरक्षणको पक्षमा रहेको भन्दै अध्यक्ष ओलीले भने, 'एमालेले मानवअधिकार उल्लंघन गर्दैन र त्यसको उल्लंघनकर्तालाई संरक्षण गर्दैन ।' उनले अनर्गल कुरा गरेर, सम्प्रादायिक र आपसी विद्वेष फैलाएर मुलुकलाई द्वन्द्वतर्फ धकेल्ने कुरा स्वीकार्य नहुने दोहोऱ्याए ।

नेपाली कांग्रेसका नेता डा. शेखर कोइरालाले संक्रमणकालीन न्याय गम्भीर विषय भएकाले राजनीतिक लेनदेनको मुद्दा बनाउन नहुनेमा जोड दिए । उनले संक्रमणकालीन न्याय निरूपणमा पीडित पक्षलाई कारबाहीको दायरामा ल्याउनुपर्नेमा जोड दिए ।

'संक्रमणकालीन न्यायसम्बन्धी सर्वोच्च अदालतले केही आदेश दिएको छ । मानवअधिकारको आधारभूत कुरालाई हामीले स्वीकार गर्नुपर्ने छ,' उनले भने, 'पीडितलाई मर्का पर्ने खालको कानुन कुनै पनि हालतमा बनाउनुहुन्न । संक्रमणकालीन न्याय पीडितमैत्री हुनुपर्दछ भन्ने कुरामा दुई मत छैन ।'

# 'स्वास्थ्य बिमा महानगरवासीलाई उपहार'

■ प्रभाव संवाददाता

**पाटन**- ललितपुर महानगरपालिकाका प्रमुख चिरीबाबु महर्जनले स्वास्थ्य बिमा महानगरवासीका लागि उपहार दिए बराबर भएको बताएका छन् । मंगलबार यल स्वास्थ्य सेवा केन्द्रको उद्घाटन समारोहमा उनले नेपालकै उत्कृष्ट अस्पताल र मुलुककै जेठो नगरपालिकाबीचको समझदारी तथा सहकार्यले नागरिकलाई उत्कृष्ट सेवा पुग्ने विश्वास व्यक्त गरे ।

उनले भने, 'पाटन अस्पतालसँगको सहकार्यले कोभिडको समयमा उत्कृष्ट काम गर्न सक्यौं, अब मुलुककै लागि उदाहरणीय बन्ने गरी स्वास्थ बिमामार्फत उपचार सेवाको काम अगाडि बढ्ने छ भन्ने विश्वास छ, अबको विकास भनेको स्वास्थ्य र शिक्षा नै हो, स्वास्थ्य बिमा महानगरवासीलाई उपहार दिएबराबर हो, वि.सं. २०७२ मा सुरु भएको यो कार्यक्रम सञ्चालन गर्न ढिला हुनपुग्यो ।'

ढिला भए पनि राम्रो कामको सुरुआत गरेको महर्जनको भनाइ छ। उनले पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानको व्यवस्थापनमा सञ्चालन हुनेगरी स्वास्थ बिमा कार्यक्रममा उपचार सेवा प्रदान गर्न स्थापना गरिएको यल स्वास्थ्य सेवा केन्द्रमा कमीकमजोरी आउन नदिने बताए ।

पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानका उपकुलपति डा. राजेशलाल डंगोलले स्वास्थ्य बिमा कार्यक्रममार्फत प्रवाह हुने सेवाले नागरिकको खर्च घटाउन र रोगका कारणले ऋणको भारी बोक्नुपर्ने अवस्था अन्त्य गर्न मद्दत गर्ने धारणा राखे । उनले बिमा कार्यक्रममार्फत प्रवाह हुने सेवामा नगरवासीलाई निराश हुने अवस्था आउन नदिने प्रतिबद्धता जनाए ।

बिमा बोर्डका कार्यकारी निर्देशन दामोदर बसौलाले २०७२ चैत २५ गते कैलालीबाट सुरु भएको स्वास्थ्य बिमा कार्यक्रम हाल देशका ७५३ वटै पालिकामा सञ्चालन भएको जानकारी गराए । उनले स्वास्थ्य बिमा सुरु गर्नुभन्दा गुणस्तरीय सेवा पाउने कुरा महत्त्वपूर्ण भएको बताए । उनले प्रथम सेवा बिन्दुको अभावका कारण काठमाडौं र ललितपुर महानगरमा यो कार्यक्रम ढिलागरी लागू भएको जानकारी गराए ।

ललितपुर महानगरपालिका स्वास्थ्य बिमा सम्पर्क व्यक्ति दाताराम अधिकारीले यल स्वास्थ्य केन्द्रमा अहिले कर्मचारी र चिकित्सकसहित ५६ जनाको व्यवस्था भएको जानकारी गराए । आपत्कालीन सेवामा पाँच शयचा र बहिरंग सेवामा पाँच शयचा रहेको स्वास्थ्य सेवा केन्द्रबाट दैनिक पाँच विशेषज्ञ सेवासहित २४ घन्टा सेवा प्रदान हुने जनाइएको छ ।

मानव बेचबिखन तथा ओसारपसार मुद्दा

# छ महिनामा ८९ व्यक्ति पक्राउ

**काठमाडौं (प्रस)**- नेपाल प्रहरीले चालु आर्थिक वर्षको साउनदेखि पुस मसान्तसम्म छ महिनाको अवधिमा मानव बेचबिखन तथा ओसारपसार मुद्दामा संलग्न ८९ व्यक्तिलाई पक्राउ गरेको छ। त्यसमध्ये ६७ पुरुष र २२ महिला छन्। सोही अवधिमा जम्मा ७९ मुद्दा दर्ता भएका छन् ।

मानव बेचबिखन तथा ओसार पसारसम्बन्धी अपराध नियन्त्रण गर्न नेपाल प्रहरीमा मानव बेचबिखन अनुसन्धान ब्युरो बबरमहलले विशिष्टीकृत एकाइका रूपमा काम गर्दै आएको छ । सम्बन्धित अपराध अनुसन्धानलाई प्रभावकारी र परिणाममुखी बनाउन ब्युरोले सक्रिय एवं प्रभावकारी भूमिका निर्वाह गर्दै आएको छ ।

सो अवधिमा १४९ व्यक्तिलाई अभियोग लागेको छ । सो अवधिमा देशभरबाट २३६ जनाको उद्धार गरिएको छ । उद्धार गरिएकामध्ये १५० महिला, २६ पुरुष र ६० बालिका रहेका छन् । नेपाल आन्तरिक र सीमा वारिपारि हुने मानव बेचबिखनबाट अति प्रभावित रहेको छ ।

त्यसमा वैदेशिक रोजगारका लागि नेपालबाट ठूलो संख्यामा भारत, मलेसिया, कतार, साउदी अरब, लिबिया, बहराइन, कुवेत, संयुक्त अरब इमिरेट्स, अमेरिका तथा विभिन्न युरोपेली र अफ्रिकन देशलगायत अन्य विभिन्न मुलुकमा नेपाली काम गर्ने वा अवैधानिक बसोबासको प्रलोभनमा परी बेचबिखनमा पर्ने गरेका केन्द्रीय प्रहरी प्रवक्ता प्रहरी नायब महानिरीक्षक भीमप्रसाद ढकालले जानकारी दिए ।

उनले भने, 'यही तथ्य र संवेदनशीलतालाई मनन गरेर नेपाल प्रहरीले यस्ता अपराधको अनुसन्धानलाई विशेष जोड दिएको छ, अनुसन्धानलाई अझै प्रभावकारी बनाउन विद्यमान मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन, २०६४ मा समयसापेक्ष परिमार्जनको आवश्यकता महसुस गर्दै परिमार्जनका लागि पहल भइरहेको पनि छ ।'

वि.सं. २०७५ मा मानव बेचबिखन अनुसन्धान ब्युरोको स्थापना भएको र ब्युरो स्थापनापछि हालसम्म जम्मा एक हजार ११८ जना पक्राउ परेका प्रहरी प्रधान कार्यालयले जनाएको छ । कार्यालयको तथ्यांकअनुसार ७८३ जना पुरुष र ३३५ महिला छन् । सो अवधिमा एक हजार ९१९ जनालाई अभियोग लागेको छ। सोही अवधिमा जम्मा ८९२ मुद्दा दर्ता भएका छन् ।

मानव बेचबिखन अनुसन्धान ब्युरोले मुख्यतः मानव बेचबिखन तथा ओसारपसार अपराधको अनुसन्धान तथा नियन्त्रण र पीडितको उद्धार गर्दछ । समस्या सहजीकरण, समन्वय तथा सहकार्य, जनचेतना एवं सशक्तीकरणका कार्यक्रम सञ्चालन, दक्ष जनशक्ति तथा प्रविधिको विकासलगायत काम गर्ने गरेको ब्युरोका प्रमुख तथा प्रहरी वरिष्ठ उपरीक्षक जीवनकुमार श्रेष्ठले जानकारी दिए ।

प्रचलित नेपालको कानुनको अधिनमा रही ब्युरोले सक्रियरूपमा काम गर्दै आइरहेको छ । देशभित्र आन्तरिकरूपमा हुने मानव बेचबिखन तथा ओसार पसार र अन्तरदेशीयरूपमा हुने त्यस्ता घटनाको प्रभावकारी अनुसन्धान गर्दै संलग्न व्यक्ति र समूहलाई कारबाहीको दायरामा ल्याइएको प्रमुख तथा प्रहरी वरिष्ठ उपरीक्षक श्रेष्ठले बताए ।

# रेडियो नेपालमा बज्जिका भाषाको समाचार सुरू

**काठमाडौं (प्रस)**- रेडियो नेपालले मंगलबारदेखि बज्जिका भाषाको समाचार तथा कार्यक्रम प्रसारण आरम्भ गरेको छ । विश्व रेडियो दिवसका अवसरमा रेडियो नेपालले मंगलबारदेखि उक्त भाषामा समाचार तथा कार्यक्रम प्रसारण थालेको हो ।

रेडियो नेपालले यसअघि २१ भाषामा समाचार तथा २० भाषामा कार्यक्रम प्रसारण गर्दै आएको थियो । मधेस प्रदेशका रौतहट, बारा, सर्लाहीलगायत जिल्लामा बज्जिका भाषा बोल्ने समुदायको बाक्लो उपस्थिति रहेको छ ।

पछिल्लो जनगणनाअनुसार नेपालमा बज्जिका भाषा बोल्ने नागरिकको संख्या करिब ११ लाख ३३ हजार छ । मधेस प्रदेशमा मैथिली र भोजपुरीपछि धेरै बोलिने भाषाका रूपमा बज्जिका रहेको छ । बज्जिका नेपालमा धेरै बोलिने भाषाको सूचीमा छैटौं स्थानमा छ ।

बज्जिका भाषाको समाचार तथा कार्यक्रम प्रसारण शुभारम्भ गर्दै सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव एवं रेडियो प्रचार सेवा विकास समितिका अध्यक्ष रामकृष्ण सुवेदीले समावेशी राज्यको चरित्रलाई सरकारी निकायले पनि अनुसरण गर्नुपर्ने बताए । नेपाल पत्रकार महासंघका अध्यक्ष विपुल पोखरेलले स्थानीय भाषाबाट समाचार र कार्यक्रम सम्प्रेषण गर्दा सञ्चारमाध्यमप्रति स्थानीयको अपनत्व बढ्ने बताए ।

राष्ट्रिय समाचार समिति (रासस)का कार्यकारी अध्यक्ष धर्मेन्द्र झाले राज्यले सबै भाषाको विकासमा ध्यान दिनुपर्ने बताए । रेडियो नेपालका कार्यकारी निर्देशक बुद्धिबहादुर केसीले भाषा, विषयवस्तु र जनशक्तिमा समावेशी सञ्चारमाध्यमको नमूनाका रूपमा रेडियो नेपाल रहेको बताए ।

## जुगल गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
**बराम्ची, सिन्धुपाल्चोक**
**बागमती प्रदेश, नेपाल**

**जुगल मिनी स्टेडियम र जुगल भ्यूपोइन्ट साँस्कतिक केन्द्र निर्माणको लागि संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सुनुवाईको सार्वजनिक सूचना**

***प्रकाशन मिति: २०८० फाल्गुण २ गते***

बाग्मती प्रदेश सिन्धुपाल्चोक जिल्ला जुगल गाउँपालिकाद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | | |
|---|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | | **जुगल गाउँपालिका**<br>गाउँ कार्यपालिकाको कार्यालय,<br>बराम्ची , सिन्धुपाल्चोक<br>फोन: +०११६९१०५४, ०११६९१०५६<br>इमेल: jugalgaupalika12@gmail.com |
| १ | **प्रस्तावकको व्यहोरा** | **१. जुगल मिनिस्टाडियम** |
| | प्रभाव पर्न सक्ने जिल्ला र गाउँपालिका | सिन्धुपाल्चोक जिल्लाको जुगल गाउँपालिकाको वडा नं १ |
| २ | **प्रस्तावकको व्यहोरा** | **२. जुगल भ्यूप्वाइन्ट सांस्कृतिक केन्द्र** |
| | प्रभाव पर्न सक्ने जिल्ला र गाउँपालिका | सिन्धुपाल्चोक जिल्लाको जुगल गाउँपालिकाको वडा नं २ |

माथि उल्लिखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक प्रणाली, भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणाली बीच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न गाउँपालिका तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सूझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन गरि तपशिलको मिति समय र स्थानमा सार्वजनिक सुनुवाई गरिनु भएकोले उपस्थितका लागि हार्दिक अनुरोध गरिन्छ ।

**तपशिलः**

मितिः २०८० फाल्गुण ६ गते
समयः ११ बजे
स्थानः वडा कार्यालय भवन
प्रस्तावकः जुगल गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, जुगल गाँउपालिका, बराम्ची, सिन्धुपाल्चोक
परामर्शदाताः निनेत्र कन्सल्टेन्सी प्रा लि, महालक्ष्मी ललितपुर

## जोशीपुर गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
**जोशीपुर, कैलाली**
**सुदुरपश्चिम प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने सम्बन्धी सूचना**

(सूचना प्रकाशित मिति: २०८०/११/०२)

यस कार्यालयबाट मिति २०८०।०९।०२ गते PPMO को E-Procurement Portal मा प्रकाशित सूचना अनुसार दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपशिल बमोजिमका बोलापत्रहरु न्युनतम् मुल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिको लागि मुल्यांकन समितिबाट सिफारिश भई आए बमोजिम सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७ को प्रयोजनार्थ सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) बमोजिम स्वीकृतिको आशयको सूचना सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो आशयको सूचना प्रकाशित गरिएको छ ।

तपशिलः

| सि.नं. | ठेक्का नं. | योजनाको नाम | छनौट भएको बोलपत्रदाताको नाम र ठेगाना | कबोल रकम रु (भ्याट र PS बाहेक) |
|---|---|---|---|---|
| 1 | 3/JRM/NCB/ WORKS/2080/081 | Badhariya Bishram Ko Pasal Dekhi Hasnapur Jodne Bato Kalopatre Ward no.1 | **Bishwo Laxmi Nirman Sewa, Dhangadhi-5 Kailali** | **2982590.00** |
| 2 | 4/JRM/NCB/ WORKS/2080/081 | Saraswati Ma.Bi.Dekhi Phadiya Hudai Bhitariya Transformer Samma Kalopatre Ward no 3 | **Bishwo Laxmi Nirman Sewa, Dhangadhi-5 Kailali** | **3061240.00** |
| 3 | 5/JRM/NCB/ WORKS/2080/081 | Mohit Dangaura KO Pasal Dekhi Mathi Dudhiya Pul Samma Kalopatre Ward 5 | **Bishwo Laxmi Nirman Sewa, Dhangadhi-5 Kailali** | **2877680.00** |

**प्रमुख प्रशासकीय अधिकृत**

## राइनास नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
**तिनपिपले, लमजुङ**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना !**

**(सूचना प्रकाशित मिति : २०८०।११।०२)**

यस नगरपालिकाबाट मिति २०८०।०८१ को e-bidding सूचना बमोजिम वडा नं.०१ स्थित Construction of ward no.3 building and Boundary works को निर्माण कार्यका लागि विद्युतीय बोलपत्र प्रणाली मार्फत दाखिला भएका बोलपत्रहरुको प्राबिधिक मुल्याङ्कनबाट सफल बोलपत्रदाताको मिति : २०८०।१०।२६ गतेका दिन खोलिएको प्राविधिक तथा आर्थिक प्रस्ताव न्यूनतम मुल्याङ्कित भई सारभूतरुपमा प्रभावग्राही तपसिल बोलपत्र छनोट गर्ने निर्णय भएको हुदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(२) अनुसार बोलपत्र स्वीकृत गर्ने आशयको (७) सात दिने सूचना सम्बन्धित सबै बोलपत्रदातारुहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल :**

| सि. नं. | ठेक्का नं. | कामको विवरण | स्वीकृत हुने बोलपत्र दाताको नाम | कबोल अंक (मु.अ.कर र पि.एस. बाहेक) | कैफियत |
|---|---|---|---|---|---|
| १ | RAINAS/NCB/ W/09/080-081 | Construction of ward no.3 builing and Boundary works | Anshu Enginerring & Constrution/ Anshu Suppliers Besishahar- 2, Lamjung | २३,३५,६०१।०० | |

**नि. प्रमुख प्रशासकीय अधिकृत**

प्रभाव दैनिक
National Daily

सम्पादकीय

## बजेट कार्यान्वयनमा सधैं ‘फेल’

सरकारले हचुवाको भरमा बजेट तयारी गर्छ भन्ने तथ्य लुकेको छैन । महत्त्वकांक्षी बजेट ल्याउने तर कार्यान्वयन नगर्ने प्रवृत्ति कुनै पनि अर्थमन्त्रीले तोड्न सकेका छैनन् । वर्तमान अर्थमन्त्री डा. प्रकाशशरण महतले त्यही प्रवृत्तिलाई निरन्तरता दिएका छन् । अझ अर्धवार्षिक समीक्षा अवधिसम्म उनले कमजोर अर्थमन्त्रीको छवि कायम गरेका छन् । अबको छ महिनामा उनले यो छवि सुधार्ने सम्भावना पनि निकै न्यून देखिन्छ ।

सोमबार बजेटको अर्धवार्षिक समीक्षा प्रतिवेदन सार्वजनिक गर्दै अर्थमन्त्री महतले बजेटको स्रोत जुटाउन नसक्ने निश्चित भएकोले बजेटको आकार घटाउनुपरेको स्वीकार गरे । उनले खर्चको लक्ष्य पनि पूरा गर्न नसकिने बताए । चालु बजेटमा राखिएको राजस्व, वैदेशिक अनुदान तथा ऋण र खर्चको लक्ष्य पूरा नहुने भएपछि सबै लक्ष्य घटाइएको हो । चालु आर्थिक वर्ष २०८०/८१ को बजेटको आकार दुई खर्ब २१ अर्ब रूपैयाँले घटाइएको छ । यससँगै १७ खर्ब ५१ अर्ब ३१ करोड रूपैयाँको बजेट १५ खर्ब ३० अर्ब २६ करोडमा खुम्चिएको छ ।

‘अर्धवार्षिक मूल्यांकनपछि आम्दानीको लक्ष्य पुऱ्याउन र खर्चको लक्ष्य पूरा गर्न सक्ने देखिएन । त्यसैले बजेटको आकार घटाइएको छ,’ अर्थमन्त्री महतको स्वीकारोक्ति छ । समीक्षा अवधिसम्म लक्ष्यको ७० प्रतिशतमात्र राजस्व संकलन भएको छ । चालु आर्थिक वर्षको समाप्तीसम्ममा ८८ प्रतिशत खर्च हुने अनुमान छ । अपेक्षा गरेअनुसार स्रोत जुटाउन नसकेको तथा खर्चमा पनि छ महिनाको अवधिमा अपेक्षित सुधार नदेखिएको स्वीकार गर्दै अर्थमन्त्रीले कानुन सुधार गरेर खर्च गर्ने आधारहरू बढाइएको दाबी गरे । अन्तिमसम्म ८८ प्रतिशत हुनु पनि राम्रै हुने उनको भनाइ थियो ।

त्यसो त प्रधानमन्त्री पुष्पकमल दाहालले बजेटको लक्ष्यअनुसार काम गर्न निरन्तर निर्देशन दिँदै आएका थिए । तर उनको निर्देशन कार्यान्वयन नै हुँदैन भन्ने तथ्यांकले नै पुष्टि गर्छ । बजेट कार्यान्वयनको अवस्था कमजोर देखिएपछि यस वर्षदेखि फागुनमै बजेटको सिद्धान्त र प्राथमिकतामाथि संसद्मा छलफल चलाउने निर्णय गरेर सरकार अघि बढेको छ । यसले कस्तो नतिजा देला त्यो अर्को वर्षको बजेट कार्यान्वयनमा अवश्य देखिने छ । तर, विगतमा बजेट ल्याउन ढिलाइ हुने कारण प्रभावकारी कार्यान्वयन हुन नसकेको भन्दै संविधानमै मिति तोकेर जेठ १५ मा बजेट ल्याउँदासमेत सुधार हुन सकेन । यहाँ मुख्य समस्या बजेट तयारीबाटै देखिन्छ । अर्कोतर्फ सरकारी निकायको कार्यशैली नफेरिँदा र जिम्मेवार अधिकारीहरू जवाफदेही नबन्दा बजेट कार्यान्वयन हुन नसकेको प्रस्ट देखिन्छ । तमाम समस्या बुझेर पनि समाधानमा सरोकारवाला जिम्मेवार बन्न सकेका छैनन् । यो प्रवृत्ति नहटेसम्म बजेट कार्यान्वयनमा ‘फेल’ भइरहने निश्चित छ ।

### मनन्योग्य

### चाणक्य नीति

यसै बेलामा दुब्लो पातलो शरीरका कुनै साधु का सालि सतर्क भई राजमार्गमा हिँड्दै मन्त्रीहरूका निवासतिर जाँदै थिए । शरीर गेरु वस्त्रले ढाकेका थिए । काँधमा एउटा झोली थियो । ती पुरुष शकटारको ढोकामा आइपुगे । सतर्क खडा रहेको प्रहरीले भाला अगाडि बढाउँदै रौक्यो र भन्यो-“बाबा भोलि विहान आउनुहोस्, यसबेला अमात्य सुतिक्नुभएको छ ।’

बृद्धले तिखा नजरले हेर्दै द्वारपाललाई भने-‘मलाई अमात्यसँग यसै समय भेट्नु छ । तिमी गई अमात्यसँग भन ‘कौटिल्य’ आएको छ विष्णुगुप्त, किन कि विष्णुगुप्त नामको व्यक्तिको चारैतिर खोजी भइरहेछ । ‘कौटिल्य’ नाम शकटारबाहेक अन्यलाई थाहा छैन । पातलो शरीर एवम् तिखा दृष्टिले द्वारपाल असहायकजस्तो भयो र तुरुन्त भित्र सूचना दिन गयो ।

सुत्ने कोठामा शकटार विश्राम गरिरहथे । द्वारपालले ‘कौटिल्य’ आएको सूचना दियो । शकदार कौटिल्यको नामले झस्के । उनका बाबु चणक पनि यस्तै मध्यरातमा आई मन्त्रणा गर्दा चाणकलाई बन्दी बनाई मृत्यूदण्ड दिइएको थियो । नन्दले आफूलाई र परिवारलाई पनि कारागारमा थुनेको थियो । नन्दले पछि कुनै कुरामा खुसी भएर आफूसहित परिवारलाई बन्दी जीवनबाट छुटकारा दिएकाले अमात्य पद फिर्ता पाएका थिए । आफू झस्केको आभास द्वारपालाई नदिई आदरपूर्वक लिएर आऊ भनी अह्राए ।

शकटार विचारमग्न थिए । कुनै आएको पदचापदले विचार टुट्यो । द्वारपालले आएर भन्यो- “अतिथिलाई अतिथिकक्षमा विश्राम गराएको छु । तिमी आफ्नो काममा जाऊ, कसैलाई पनि भित्र आउन नदेऊ र कुनै यताउति घुमिरहेका छन् कि त्यो पनि हेर’ राक्षसका गुप्तचरका व्यवस्थाबाट शकटार परिचित थिए ।

शकटारलाई चिन्तित देखी चाणक्यले भने-‘अमात्य नहडबडाउनुहोस्, केही कुरा छैन । चाणक्यले यो सबै परीक्षा गरेर आएको छ, मेरा पछाडि कुनै गुप्तचर छैन । साथै गुप्तचरलाई कसरी छकाइन्छ भन्ने पनि चाणक्यले जानेको छ ।’

चाणक्यका कुराले अमात्य केही निश्चिन्त भए । अनि चाणक्यले भने-‘तात ! मध्यरात्रिमा कष्ट दिएकोमा क्षमाप्रार्थी छु । तर, के गरौं भेट्न जरुरी थियो । त्यस दिनपछि भेष बदलेर अज्ञातबासमा बसेको छु । यस बीमा मैले धेरै सोचें र यो निष्कर्षमा पुगें । क्रमश :

# भ्रष्टाचारविरुद्ध सामूहिक लडाइँको खाँचो



▶▶ प्रेमकुमार राई

ट्रान्सपरेन्सी इन्टरनेसनलको हालै प्रकाशित भ्रष्टाचार अनुभूति सूचकांकमा गत वर्षभन्दा एक अंक बढेर नेपालको अवस्थामा सामान्य सुधार भएको छ । ५० भन्दा कम अंक प्राप्त गर्ने मुलुक भ्रष्टाचारको उच्च जोखिमयुक्त मुलुकमा गणना हुनेमा नेपालको अंक ३५ मात्र हुनुले भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धनमा नेपालले अझै निकै संघर्ष गर्नुपर्ने देखिएको छ । तीनै तहका सरकारमा कार्यकारी भूमिकामा रहने राजनीतिक पदाधिकारी, राष्ट्रसेवक कर्मचारी र आमनागरिकमा यसप्रतिको दायित्वबोध नहुञ्जेल भ्रष्टाचार नियन्त्रणमा आशातीत सफलता हासिल गर्न सकिने छैन ।

अख्तियार दुरूपयोग अनुसन्धान आयोगले आफ्नो स्थापनाकालदेखि नै प्राप्त गुनासो र उजुरीउपर अनुसन्धान गरी भ्रष्टाचार भएको देखिएमा विशेष अदालतमा मुद्दा दायर गर्ने आफ्नो प्रमुख संवैधानिक जिम्मेवारी निर्वाह गर्दै राष्ट्रको आर्थिक र सामाजिक विकासमा निरन्तर योगदान पुऱ्याउँदै आइरहेको छ । यसका बावजुद देशमा सुशासनको अवस्थामा अपेक्षित सुधार हुन नसकेको गुनासो जनताको तहमा व्याप्त छ । भ्रष्टाचारविरुद्धको लडाइँ आयोग एक्लैको मात्र होइन, यो एक बहुआयामिक विषय भएको हुँदा यसका लागि सामूहिक प्रयासको खाँचो छ । सुशासन स्थापनाका लागि हरेक नागरिक परिवर्तनको अभियन्ता बन्न सक्नुपर्दछ ।

संघीयता कार्यान्वयनपश्चात् हालसम्मको अवधिमा तीनै तहका सरकारमा हुने विकास निर्माण, बजेट विनियोजन, अनुदान वितरण, सेवा प्रवाहजस्ता कार्यमा सार्वजनिक सम्पत्तिको हानि नोक्सानी गर्ने, घुस/रिसवत लेनदेन गर्ने, गैरकानुनी लाभ लिने बदनियत राखेर काम गर्ने र गैरकानुनी सम्पत्ति आर्जनसम्बन्धी उल्लेख्य संख्यामा उजुरीहरू आयोगमा पर्ने गरेका छन् । सार्वजनिक खरिद तथा निर्माणको सन्दर्भमा प्रतिस्पर्धा सीमित गर्ने, विनाप्रतिस्पर्धा सोझै खरिद गर्ने, आयोजनामा पूर्वसम्भाव्यता अध्ययन, आवश्यकता र औचित्यताको पहिचान नगरी बजेट विनियोजन गर्ने, खरिद योजनाविना नै खरिद कार्य गर्ने प्रवृत्ति रहेको छ । त्यसैगरी बजेट तथा कार्यक्रम तर्जुमा गर्दा अबण्डा रकम राखी आर्थिक वर्षको बीचमा बाँडफाँड गर्ने, मिलेमतोमा आयोजना छनोट गर्ने, कार्यक्रम सञ्चालन नगरी भुक्तानी लिने/दिने, प्राकृतिक स्रोतसाधनको उपयोगमा मापदण्डको पालना नगरी दररेट तोक्ने, वातावरणीय प्रभाव मूल्यांकन र प्रारम्भिक वातावरणीय परीक्षणमा निर्दिष्ट परिमाणभन्दा बढी अनियन्त्रित उत्खनन तथा दोहन गर्ने, कृषि, शिक्षा, स्वास्थ्य, खानेपानी, पशुपन्छीलगायतका विषयगत क्षेत्रमा अनुदानको दुरूपयोग गर्ने, नियम, कानुन, कार्यविधि, मापदण्ड र नागरिक बडापत्रको पालना नगर्ने, सेवा प्रवाहमा बिचौलियाहरू प्रवेश गराई, सेवा अवरुद्ध गराई मिलेमतोमा अनियमितता गर्ने, आफूलाई तोकिएको कार्य समयमै पूरा नगर्ने, जिम्मेवारी र जवाफदेहिता नलिने, निर्णय नगरी थन्काएर राख्नेजस्ता प्रवृत्तिहरू देखिएका छन् ।

यसैगरी कर्मचारी नियुक्तिमा मिलेमतो गर्ने, विनाआधार र मापदण्ड बढुवा गर्ने, सरकारी सवारीसाधन र इन्धनको दुरूपयोग गर्ने, पूर्ण वा आंशिक स्वामित्व भएका निकाय वा संगठित संस्थाको नियमित लेखापरीक्षण नगराउने, असुलउपर र नियमित गर्नुपर्नेमा आलटाल गर्नेजस्ता प्रवृत्तिहरू समेत आयोगमा पर्ने उजुरीहरूबाट देखिएको छ । आयोगमा प्राप्त भूमि र जग्गासम्बन्धी उजुरीको छानबिन गर्दा निश्चित व्यक्ति र समूहलाई फाइदा हुनेगरी कौडीको भाउमा सार्वजनिक, सरकारी र वन क्षेत्रको जग्गा ८९ वर्षसम्म व्यापारिक प्रयोजनका लागि लिजमा दिएको, हदबन्दीभन्दा बढी जग्गा जफत गर्नुपर्ने कानुनी व्यवस्था लामो समयसम्म कार्यान्वयनमा नआएको, सार्वजनिक, सरकारी, गुठी र वन क्षेत्रको जग्गा विभिन्न व्यक्ति, क्लब र स्वार्थ समूहले अतिक्रमण र कब्जा गरी निजी प्रयोजनका लागि उपयोग गरेकोमा जिम्मेवार निकायबाट अतिक्रमण रोक्ने कार्यमा अति उदासीनता देखाइएको छ । यसले सार्वजनिक र सरकारी सम्पत्ति संरक्षण हुन नसकेको, विद्यालय र स्थानीय तहहरूले आफूखुसी गैरकानुनी तवरले सरकारी, सार्वजनिक जग्गा निजी प्रयोजनमा बिक्री गर्ने प्रवृत्ति बढेको र सरकारी जग्गा गैरकानुनी रूपमा व्यक्तिका नाममा दाखिल खारेज भएकोमा सो जग्गाको दुष्कृति सच्याउने काम हुन नसकेकोले सम्बद्ध जिम्मेवार निकाय र पदाधिकारी सार्वजनिक सम्पत्तिको संरक्षण गर्ने कानुनी दायित्व निर्वाह गर्ने कार्यमा थप जिम्मेवार बन्नुपर्ने देखिएको छ ।

सार्वजनिक सेवालाई प्रविधिमैत्री बनाउने नाममा नीति, कानुन, संरचना, जनशक्तिलगायतका आधारभूत पूर्वाधारसमेत तयार नगरी प्रतिस्पर्धा सीमित गरी सूचना प्रविधि र उपकरण खरिद गर्दा ठूलो लगानीको दुरूपयोग भएको भनी आयोगमा उजुरीहरू आइरहेका छन् । निर्मित पूर्वाधार तथा भौतिक संरचनाको समयोचित उपयोग, यस्ता पूर्वाधार निर्माणमा गुणस्तरको प्रत्याभूतिलगायतका विषयहरूको छानबिनको दायरालाई विस्तार गरी आफ्नो काम कारबाहीलाई अझ सक्रिय बनाउन आयोग गम्भीरतापूर्वक अघि बढिरहेको छ । आयोगमा प्राप्त उजुरीको छानबिन गर्दा सम्बन्धित मन्त्रालयको प्रस्तावमा मन्त्रिपरिषद्बाट नियुक्त हुने सार्वजनिक संस्थाका केही पदाधिकारी विदेशी मुलुकको स्थायी आवासीय अनुमति लिएका, अन्तिम अदालतबाट कसुरदार ठहरिई फरार सूचीमा रहेका, कानुन र मापदण्डबमोजिम तोकिएको योग्यता र अनुभव नभएका, कीर्ते गरी अनुभवको प्रमाण पेस गरेका, सार्वजनिक छवि कमजोर भएका व्यक्तिलाई छनोट गरी नियुक्ति दिएको पाइएको छ । कतिपय सार्वजनिक निकायमा निश्चित व्यक्तिलाई नियुक्ति दिनकै लागि व्यक्ति लक्षित गरी प्रतिस्पर्धा सीमित हुनेगरी नियुक्तिसम्बन्धी मापदण्ड र कार्यविधि संशोधन गर्ने प्रवृत्ति पनि बढ्दो क्रममा देखिएको छ ।

सार्वजनिक संस्थाको कार्यसम्पादन सुधार गर्न स्वच्छ प्रतिस्पर्धाको माध्यमबाट बजारमा उपलब्ध योग्य व्यक्ति वा समूहलाई व्यावसायिक क्षमता योग्यता र सुधार योजनाको आधारमा छनोट गरी सोही अनुरूपको कार्य वातावरण सिर्जना गरिदिनु जरुरी हुन्छ । नियुक्ति हुने व्यक्तिमा उच्च नैतिक चरित्र रहेको, स्वार्थको द्वन्द्व हुने अवस्था नरहेको र जवाफदेहिता र जिम्मेवारी पूरा गर्न सक्ने क्षमता रहेको विषयमा सरकार विश्वस्त हुनु पर्दछ तर सो अनुरूपको छनोट हुन सकेको छैन । यसरी नियुक्त भएका सार्वजनिक संस्थाका पदाधिकारीबाट भएका अधिकांश निर्णय, खरिद कार्य र काम कारबाहीहरूका विषयमा आयोगमा पर्ने उजुरी छानबिन गर्दा यस्ता उजुरीहरू सत्यतामा आधारित भएका तथा यस्ता पदाधिकारीका काम कारबाहीहरूबाट निश्चित स्वार्थ समूहलाई लाभ हुने र सार्वजनिक संस्थालाई गम्भीर हानि, नोक्सानी हुने किसिमले कार्य गरेको देखिएको छ । सार्वजनिक निकायमा देखिएका यस्ता विकृति र विसंगति तत्काल अन्त्य गरी मुलुकमा सुशासन प्रवर्द्धन तथा सरकारप्रतिको नागरिकको भरोसा अभिवृद्धि गर्न आयोग सबैमा अनुरोध गर्दछ ।

मुलुकको आर्थिक समृद्धि र स्थायित्वका लागि अझ बढी काम गर्नुपर्नेमा विनाआधार, कारण भन्सार र राजस्वमा छुट दिने, राजस्व चुहावट गर्ने, चोरी निकासी पैठारी गर्ने, न्यून विजकीकरण गरी राजस्व छली गर्नेजस्ता क्रियाकलापहरू नियन्त्रण गर्ने जिम्मेवारी लिएका निकाय र पदाधिकारीले आफ्नो कर्तव्य निर्वाह गर्न चुकेको अवस्था देखिन्छ । कानुनविपरीतका यस्ता क्रियाकलापमा संलग्न अधिकारीलाई कानुनी कारबाहीको दायरामा ल्याउन आयोग थप सशक्त रूपमा अघि बढ्ने नै छ । तीनै तहका सरकारबाट स्रोतको सुनिश्चितता र पर्याप्त पूर्वतयारीविना ठेक्का लगाइएका कतिपय महत्त्वपूर्ण आयोजना तोकिएको समय र गुणस्तरमा सम्पन्न नहुने, आयोजना अलपत्र पर्ने तथा लागत र समय बढ्ने गरेको अवस्थामासमेत जिम्मेवार पदाधिकारी मूकदर्शक भएर बस्ने गरेको हुँदा समयमा नै किन काम पूरा भएन भन्नेसमेतका आधारमा त्यस्ता विषयमाथि अनुसन्धान अघि बढाइएको छ ।

आवश्यकताको पहिचानविना, लाभ-लागत विश्लेषण नगरी, सञ्चालन योजनासमेत नबनाई अनावश्यक रूपमा संरचना निर्माण गर्ने, सामग्री, सफ्टवेयर, कच्चा पदार्थ, मालसामान, सवारीसाधन, यन्त्र उपकरणलगायत खरिद गर्ने, यस्ता वस्तुहरू प्रयोगविहीन अवस्थामा राख्ने र पुनः नयाँ खरिद तिर लाग्ने कार्य गर्दा यसबाट राज्य कोषमाथि अनावश्यक आर्थिक व्ययभार थपिने र स्रोतको दुरूपयोगसमेत हुने गर्दछ । त्यसैले निर्माण र खरिद गर्नुपूर्व संरचना र उपकरणको सञ्चालन र उपयोगको सुनिश्चित हुनेगरी सञ्चालन योजना तयार गरेर मात्र खरिद कार्य गर्न सम्बद्ध सरकारी निकायहरूले ध्यान दिन जरुरी छ । आयोजनाको विस्तृत अध्ययन गरी/गराई आर्थिक तथा वित्तीय, प्राविधिक र वातावरणीय दृष्टिले उपयुक्त देखिएका र कानुनी प्रक्रिया पूरा भएका आयोजना मात्र आयोजना बैंकमा प्रविष्टि गर्ने, आयोजना बैंक व्यवस्थापन सूचना प्रणालीमा प्रविष्ट आयोजनामा मात्र बजेट विनियोजन गर्ने, मध्यमकालीन खर्च संरचना र बजेटको तालमेल मिलाउने तथा तोकिएका कानुन, कार्यविधि र मापदण्डको पालना गर्ने विषयमा तीनै तहका सरकारहरू अझ गम्भीर हुनुपर्ने देखिएको छ ।

उजुरीमा ठेक्का व्यवस्थापनको विषय छानबिन गर्दा पुस्टचाइँविना ठेक्काको म्याद थप गर्ने, सम्झौताबमोजिम गर्नुपर्ने पत्राचार समयमा नगर्ने, निर्णयमा ढिलाइ गर्ने, कामको स्थलगत प्रगति अभिलेख र प्रतिवेदन नगर्ने, निर्माण व्यवसायीलाई समय-समयमा दिनुपर्ने निर्देशन नदिने, परामर्शदाता वा निर्माण व्यवसायीको कारण आयोजनामा हुने ढिलाइको अभिलेख उपयुक्त तरिकाले नराख्नेजस्ता कमजोरीका कारण ठेकेदारको तर्फबाट क्षतिपूर्तिका लागि दाबी पेस गर्दा राज्यले ठूलो नोक्सानी बेहोरिरहेको देखिएको छ । ठेक्का व्यवस्थापनलाई प्रभावकारी बनाई राज्यलाई क्षति हुने अवस्था आउन नदिन सम्बन्धित सार्वजनिक निकायको प्रमुख, आयोजना प्रमुख, ठेकेदार र परामर्शदातालाई कानुनबमोजिम जिम्मेवार बनाउनुपर्ने हुन्छ ।

बहुवर्षीय आयोजनामा न्यून बजेट विनियोजन गर्ने र न्यूनतम् मापदण्ड नै नपुगेका आयोजनामा जथाभावी स्रोत सुनिश्चितता प्रदान गर्ने प्रवृत्तिले तीनै तहका सरकारहरूमा असीमित बजेटरी दायित्व सिर्जना भएको, अबण्डामा बजेट राखी विनाआधार कारण अनुत्पादक क्षेत्रमा खर्च गर्नेलगायतका विकृतिहरूका कारण समग्र वित्तीय सुशासन कमजोर भएको छ । अनुत्पादक क्षेत्रमा बजेट विनियोजन गर्ने तथा अनुदान वितरण गर्दा लाभग्राही पहिचान नगर्नेजस्ता कार्यहरू सार्वजनिक स्रोतको उपयोगमा अनुशासन, नियमितता र प्रतिफलसमेतको दृष्टिकोणबाट त्रुटिपूर्ण हुने हुँदा विधि र मापदण्डको पालनाका साथसाथै मितव्ययिता र उत्पादकत्वलाई समेत आधार मानी यस्ता कार्यलाई आयोगले गम्भीरतापूर्वक अनुसन्धानको दायरामा ल्याएको छ । पछिल्लो समय सूचना प्रविधिको उपयोगको विस्तार गरी सेवा प्रवाहलाई अनुमानयोग्य, सरल, सुलभ र व्यवस्थित बनाउने सरकारको प्रयासका बाबजुद यातायात, मालपोत, नापी, राहदानी, वैदेशिक रोजगार, अध्यागमन लगायतका सेवा क्षेत्रमा अझै पनि व्यापक जनगुनासो रहेको र आयोगमा यी विषयसँग सम्बन्धित उजुरी बढ्दो क्रममा रहेका छन् । आयोगले यी विषयहरूमा निगरानी तथा छानबिन गरिरहेको छ ।

तीनै तहका सरकारबाट कानुनबमोजिम मन्त्रालय, विभाग, सचिवालय र विभिन्न प्रशासनिक तहबाटै निर्णय हुनुपर्ने प्रशासनिक कार्यहरूलाई समेत नीतिगत विषय भनी मन्त्रिपरिषद्बाट निर्णय गराउने विषयमा आयोगले धेरै पटक सम्बन्धित सरोकार निकायलाई सुझाव दिइसकेको छ । कानुनले जुन निकाय वा पदाधिकारीबाट निर्णय हुनुपर्ने व्यवस्था गरेको छ, सोही निकाय वा पदाधिकारीबाट नै उक्त निर्णयहरू हुने व्यवस्था मिलाउने सन्दर्भमा तीनै तहका सरकारले सुझबुझका साथ उपयुक्त नीति, विधि र पद्दतिको अवलम्बन गर्नुपर्छ । भ्रष्टाचार नियन्त्रण र सदाचार संस्कृति प्रवर्द्धनका लागि आयोगले उपचारात्मक रणनीतिका अतिरिक्त निरोधात्मक र प्रवर्द्धनात्मक रणनीतिसमेत अवलम्बन गरेको छ । आयोगले तीनै तहका सरकार, नागरिक समाज, नागरिक निगरानी संस्था, विद्यालय र सञ्चार जगतसँगको सहकार्यमा भ्रष्टाचारविरुद्धको सचेतना कार्यक्रमहरू सञ्चालन गरिरहेको छ ।

आयोगले आफ्नो चौथो संस्थागत रणनीतिक योजना (२०७६/७७-२०८०/८१) को समीक्षाबाट पहिचान भएका सुधार गर्नुपर्ने विषय सम्बोधन गर्ने गरी पाँचौं संस्थागत रणनीतिक योजना तर्जुमा गरिरहेको छ । आयोगबाट मुलुकको सीमित स्रोत र साधनको अधिकतम परिचालन गरी उच्च नतिजा हासिल गर्न योजना छनोट, प्राथमिकीकरण तथा वर्गीकरण र बजेट तर्जुमाको कार्य वस्तुनिष्ठ, वैज्ञानिक र यथार्थपरक बनाउन, बजेट कार्यान्वयनको क्रममा गरिने सार्वजनिक खरिद कार्यलाई पारदर्शी, प्रतिस्पर्धी र गुणस्तरीय बनाउन २२ बुँदे सुझावहरू दिइएको छ । विद्यमान ऐन, कानुन, नियम, कार्यविधि, मापदण्ड र निर्देशिकाहरूको पालना गर्नु सरकारका सम्बन्धित सबै निकाय र पदाधिकारीहरूको दायित्व हो । जिम्मेवार व्यक्तिहरूले आयोगको सुझाव देखाई आफ्नो जिम्मेवारी पन्छाउने, निर्णय नगर्ने, तोकिएको काम नगर्ने र कानुनी उत्तरदायित्व पूरा नगर्ने अवस्था आउनु हुँदैन । कर्मचारी र पदाधिकारीले कार्यसम्पादन गर्दा अनिवार्य रूपमा पालना गर्नुपर्ने कानुनी प्रावधानहरू पूर्ण परिपालना हुन नसकेको तथ्यलाई मध्यनजर गरी कमीकमजोरी सच्याउन कानुनी व्यवस्थाहरू पुनःस्मरण गराउने उद्देश्यले दिइएका उक्त सुझावहरूबाट विकास निर्माण, सेवा प्रवाह र सुशासनमा बाधा पुग्ने नभई सुशासन कायम गरी विकास निर्माणलाई थप नतिजामुखी बनाउन सकिने कुरामा आयोग विश्वस्त छ ।

आयोगले छानबिन र अनुसन्धानको नाममा बाधा उत्पन्न गराएको, सक्कल कागजात नियन्त्रणमा लिएको, काम रोक्न आदेश दिएको जस्ता तथ्यहीन तर्कहरू आयोगका पदाधिकारीहरू सहभागी हुने गरेका विभिन्न छलफल र अन्तरक्रियामा उठेको विषयमा पनि आयोगको ध्यानाकर्षण भएको छ । आयोगले कुनै पनि उजुरीको छानबिनका क्रममा सक्कल कागजात मगाउने, काम रोक्का राख्न आदेश दिने, आयोजनामा बाधा पुऱ्याउने कार्य नगरेको र आगामी दिनमासमेत यस्तो कार्य हुने छैन ।

नेपाल भ्रष्टाचारविरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धिको पक्ष राष्ट्र रहेको छ । यससम्बन्धी राष्ट्रिय रणनीति र कार्ययोजना एवं सम्पत्ति शुद्धीकरण तथा आतंकवादविरुद्धको वित्तीय लगानी निवारणसम्बन्धी रणनीति र कार्ययोजना कार्यान्वयनमासमेत रहेका छन् । पारस्परिक कानुनी सहायता ऐन र सुपुर्दगी ऐनजस्ता कानुन कार्यान्वयन भए पनि सम्बन्धित देशहरूसँग द्वीपक्षीय सम्झौता हुन नसक्दा मुलुकबाहिर हुने भ्रष्टाचारजन्य लेनदेनका विषयमा पारस्परिक कानुनी सहायतामार्फत आवश्यक तथ्य र सूचना संकलन गर्न समस्या देखिएकोले यथाशीघ्र आवश्यक मुलुकहरूसँग द्वीपक्षीय सम्झौता गर्नुपर्ने देखिएको छ । भ्रष्टाचारविरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धिका प्रावधान र संघीयतासमेतको सन्दर्भ समेटिएको अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन र भ्रष्टाचार निवारण ऐनको संशोधन विधेयक लामो समयदेखि संसद्मा विचाराधीन रहेकोमा उक्त विधेयकहरू यथाशीघ्र पारित हुन आवश्यक छ ।

ट्रान्सपरेन्सी इन्टरनेसनलको हालै प्रकाशित भ्रष्टाचार अनुभूति सूचकांकमा गत वर्षभन्दा एक अंक बढेर नेपालको अवस्थामा सामान्य सुधार भएको छ । ५० भन्दा कम अंक प्राप्त गर्ने मुलुक भ्रष्टाचारको उच्च जोखिमयुक्त मुलुकमा गणना हुनेमा नेपालको अंक ३५ मात्र हुनुले भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धनमा नेपालले अझै निकै संघर्ष गर्नुपर्ने देखिएको छ । तीनै तहका सरकारमा कार्यकारी भूमिकामा रहने राजनीतिक पदाधिकारी, राष्ट्रसेवक कर्मचारी र आमनागरिकमा यसप्रतिको दायित्वबोध नहुञ्जेल भ्रष्टाचार नियन्त्रणमा आशातीत सफलता हासिल गर्न सकिने छैन । आयोगमा प्राप्त हुने उजुरीलाई तथ्य र प्रमाणका आधारमा छानबिन अनुसन्धान गरी अभियोजनसम्म गर्न कार्यालय स्वचालन प्रणाली प्रयोग गरिएको छ । भ्रष्टाचार नियन्त्रणका लागि प्रत्येक सचेत नागरिकले पनि भ्रष्टाचारको विषयमा तथ्यपरक सूचना उपलब्ध गराई भ्रष्टाचार नियन्त्रणमा सहयोग पुऱ्याउनुपर्दछ । सदाचार पद्दतिको विकास र भ्रष्टाचारविरुद्धको शून्य सहनशीलताको नीतिलाई मूर्तरूप दिनका लागि सबैको सहकार्य, साझेदारी, समन्वय, सक्रियता र सहयोग रहने विश्वास छ ।

***(अख्तियार दुरूपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त राईले आयोगको ३३औं स्थापना दिवसको अवसरमा गत माघ २८ गते आयोजित समारोहमा व्यक्त गरेको मन्तव्यको सारांश)***

# बजेट सुनिश्चित नहुँदा शिलान्यासमै सीमित आधारभूत अस्पताल भवन

खोटाङ- बराहपोखरी गाउँपालिकामा निर्माण गर्ने भनिएको पाँच शयत्र्याको आधारभूत अस्पताल भवन निर्माण शिलान्यासमै सीमित भएको छ । बराहपोखरी-४ फाक्टाङको धर्तुङमा निर्माण हुने सो अस्पताल भवनका लागि बजेटको सुनिश्चितता नहुँदा शिलान्यासमै सीमित भएको हो ।

ग्रामीण क्षेत्रमा प्राथमिक स्वास्थ्य सेवा विस्तार गर्ने उद्देश्यसहित तत्कालीन प्रधानमन्त्री केपी ओलीले २०७७ मंसिर १५ गते 'भर्चुअल' माध्यमबाट एकैसाथ पाँच, १० र १५ शयत्र्याको ३०९ वटा अस्पतालको शिलान्यास गरेका थिए । दुई वर्षभित्रै सञ्चालनमा ल्याउनेगरी शिलान्यास गरिएका त्यही ३०९ आधारभूत अस्पतालको सूचीमा बराहपोखरीको पनि समावेश भएको थियो ।

धर्तुङमा आधारभूत अस्पताल बनाउनका लागि गाउँपालिकाले चालु आर्थिक वर्ष १० लाख रूपैयाँ खर्च गरेर घडेरी सम्याउने काम सम्पन्न गरेको गाउँपालिकाका प्रशासन सहायक एवं सूचना अधिकृत रमेश पोखरेलले जानकारी दिएका छन् । धाप्लाङ-धर्तुङ सडक नजिकै आधारभूत अस्पताल निर्माणका लागि गाउँपालिका उपाध्यक्ष भूवलराज राईले चार रोपनी जग्गा निःशुल्क उपलब्ध गराएका थिए ।

पालिकास्तरीय अस्पताल भवन निर्माणका लागि जग्गा जुटाएर भवनको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार पारेर अर्थ मन्त्रालयमा बजेट माग्न जाँदा बजेटको सुनिश्चितता भएपछिमात्रै भवन बन्ने जवाफ आएको गाउँपालिका प्रमुख शालिकराम बञ्जराले बताए । 'पूर्वप्रधानमन्त्रीले शिलान्यास गर्दा हाम्रो पनि परेछ । अस्पताल बनाउन भनेर जग्गा जुटाएर घडेरी सम्यायौं । डिपिआर पास गरेर अर्थ मन्त्रालय गयौं । मन्त्रालयले सबै पैसाको सुनिश्चितता छैन भन्छ,' उनले भने ।

अस्पताल भवन निर्माणका लागि अर्थ मन्त्रालयबाट आर्थिक वर्ष २०८०/८१ मा २० लाख रूपैयाँ विनियोजन भएको गाउँपालिका प्रमुख बञ्जराले जानकारी दिएका छन् । तर, सो २० लाख रूपैयाँ रकमले ठेक्का खोल्नै नपुग्ने गाउँपालिकाले जनाएको छ ।

कार्यपालिकाको निर्णय, जग्गा व्यवस्थापन, डिपिआर तयार, बोलपत्रलगायतका प्रक्रिया पूरा नभएका कारण जिल्लामा शिलान्यास गरिएका धेरैजसो अस्पताल भवन निर्माणका लागि विनियोजित बजेट 'फ्रिज' भइरहेका छन् । दश स्थानीय तह रहेको जिल्लामा बराहपोखरीसँगै दिप्रुङ चुइचुम्मा र खोटेहाङ गाउँपालिकामा दुई वर्षअघिमात्रै पाँच-पाँच शयत्र्याको अस्पताल निर्माणका लागि योजना परेको थियो ।

दुई नगरपालिका र आठ गाउँपालिका रहेको जिल्लामा पहिलो वर्ष अर्थात् आव २०७७/७८ मा छवटा स्थानीय तहका लागि योजना परेको थियो । हलेसी तुवाचुङ नगरपालिका तथा ऐसेलुखर्क, रावाबेँसी, केपिलासगढी, साकेला र जन्तेढुंगा गाउँपालिकामा अस्पताल भवन निर्माणको योजना परेको हो ।

पहिलो वर्ष नै योजना परेका अस्पतालको कामसमेत अहिलेसम्म सम्पन्न भएका छैनन् । जन्तेढुंगा गाउँपालिकाको चिसापानीमा निर्माणाधीन पाँच शयत्र्याको अस्पताल भवनमा ठेकेदार कम्पनीको लापरवाहीका कारण गुणस्तरहीन बालुवा/गिट्टी प्रयोग भएको नपाइएपछि पुनः भत्काएर निर्माण सुरु गरिएको छ ।

दिक्तेल रूपाकोट मझुवागढी नगरपालिकाको केन्द्र तथा जिल्लाको प्रमुख व्यापारिक केन्द्र दिक्तेल बजारमा यसअघि नै १५ शयत्र्याको सरकारी जिल्ला अस्पताल सञ्चालनमा थियो । २९ वर्षसम्म १५ शयत्र्यामा सञ्चालन हुँदै आएको जिल्लाको एकमात्र सरकारी अस्पताललाई अहिले ५० शयत्र्यामा स्तरोन्नति गर्नेगरी स्तरोन्नतिको काम तीव्रगतिमा भइरहेको छ । *रासस*

## जो जससँग सम्बन्धित

नेपाल सरकारबाट बैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजतपत्र प्राप्त **R. A. International Employment Agency Pvt Ltd** (इजाजतपत्र नं.: १४०४/०७४/०७५) बाट **कैलाश मण्डल**ले यस प्रा लि को नाम प्रयोग गरेर बैदेशिक रोजगारमा पठाई दिन्छु भनि रकम संकलन गरिएको भन्ने सुन्नमा आएकोले यस प्रा लि को गम्भीर ध्यानाकर्षण भएको छ । यस प्रा लि को नाममा गरिने बैदेशिक रोजगार सम्बन्धि सम्पूर्ण काम यस प्रा लि बाट मात्र गर्नु र आर्थिक कारोबार यस प्रा लि को लेखा शाखाबाट मात्र गर्नु हुन अनुरोध गर्दछौं । अन्यथा गरे गराएमा यस प्रा लि जिम्मेवार नहुने पनि यसै सूचनाद्वारा जानकारी गरौदछौं । यस प्रा लि को नाममा अनधिकृत व्यक्तिहरूले वैदेशिक रोजगार सम्बन्धी कारोबार गरे गराएमा यस प्रा लि जिम्मेवार नहुने पनि यसै सूचनाद्वारा जानकारी गरौदछौं ।

**R. A. International Employment Agency Pvt Ltd** (श्रम ईजाजत नं. १४०४/०७४/०७५)
Basundhara-03 Metropolitan City, Kathmandu, Tel: +977-1-4016740, 4016760,4388035, Fax: 4016745
E-mail: rainternational81@gmail.com,Website www.rainternational.net

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

प्रथम पटक प्रकाशित मिति २०८०/११/०२

यस कम्पनीको मिति २०८०/१०/२५ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **जागृती शैक्षिक प्रतिष्ठान सिरहा प्रा.लि. (प्रा.लि. नं. ३०८८५)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८०/१०/२८ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **संस्कार एकेडेमी नरहा प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

## मलेशियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : **BENNS CHOCOLATE FACTORY SDN BHD**

पूर्व स्वीकृति मिति : २०७९/०९/२४ | पुन विज्ञापन स्वीकृति मिति २०८०/११/०१ | LT. No. 278936 | चलानी नं. : ६०१९४६७०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 5 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : **INDIAGOLD QUALITY (M) SDN BHD**

पुर्व स्वीकृति मिति २०७९/०३/१९ | पुन विज्ञापन स्वीकृति मिति २०८०/११/०१ | LT. No. 266060 | चलानी नं.६०१८२३९२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 0 | 9 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन ९ गते (21st Feb. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Himalayan Human Resources Nepal Pvt. Ltd.**
श्रम ईजाजत नं. ४५१/०६०/०६१
Tokha-5, Basundhara Chowk, Nepal, Tel: 01-4954342,
E-mail : hrnhimalayan@gmail.com
Website : www.hrnhimalayan.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **AL JAZERA MARKETS CO.**

पूर्व स्वीकृति मिति २०८०/१०/२८ | LT. No. 299859 | चलानी नं. ६०२१४८७९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Packaging Worker | 27 | 0 | 1000 | ३५,३८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन ९ गते (21st Feb. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**National Exports Manpower Consultant Pvt. Ltd.**
Sinamangal-9, Kathmandu, Nepal, Phone No.: +977-1-4233652
E-mail : nationalexportsmc@gmail.com

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **ALFATAN ALMOTAALEQA FOR TAILOR AND TRADING**

पूर्व स्वीकृति मिति : २०८०/०६/०७ | पुन विज्ञापन स्वीकृति मिति २०८०/११/०१ | LT. No.292856 | चलानी नं. ६०२०८०४६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Designer | 0 | 2 | 1300 | ४७,५२० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Womens Tailor | 3 | 0 | 1100 | ४०,२१० | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन ९ गते (21st Feb. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**EARTH SMART HUMAN RESOURCES NEPAL PVT.LTD.**
श्रम ईजाजत नं. १०५०/०७३/०७४
Sinamangal, Kathmandu-9, Phone No. +977-01-4574652, 4574653
Website: www.earthsmart-nepal.com Email : earthsmartnepal1050@gmail.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : **M & R MANUFACTURING SDN.BHD.**

पूर्व स्वीकृति मिति २०८०/०६/१० | पुन विज्ञापन स्वीकृति मिति २०८०/११/०१ | LT. No. 293121 | चलानी नं. ६०२०८३०६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 67 | 30 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन ९ गते (21st Feb. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**MINAWA RECRUITMENT H.R. PVT LTD**
Govt.Lic.No- 1168/073/074
Sinamangal-9, Sambhu Margh, Kathmandu, Nepal
T: +977-01-4112754 | E:-minawarecruitment@gmail.com | w:-www.minawarecruitment.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **ABDUL RAHMAN BIN MOHAMMED AL-LOHAYDAN TRADING EST. FOR TRANSPORTATION**

पुर्व स्वीकृति मिति २०८०/०४/२३ | पुन विज्ञापन स्वीकृति मिति : २०८०/११/०१ | LT. No. 290581 | चलानी नं. ६०२०५८६०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 7 | 0 | 1800 | ६३,४०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन ९ गते (21st Feb. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रू. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Kapeel Manpower Pvt. Ltd.**
श्रम ईजाजत नं. १८५/०५७/०५८
P.O. Box: 8975, Kupandole, Lalitpur, Nepal
Tel: 01-5451901, Fax: 977-1-5542407
Mobile: 9851324457, 9823299605 E-mail: kapeelmanpowerpvtltd@gmail.com
Website: www.kapeelmanpower.com.np

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **QATAR CLEANING COMPANY WL**

पूर्व स्वीकृति मिति: २०८०/०९/२२ | पुन विज्ञापन स्वीकृति मिति २०८०/११/०१ | LT. No. 297688 | चलानी नं. ६०२१२६८०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 19 | 5 | 1000 | ३६,४५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन ९ गते (21st Feb. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**VARSHA MANPOWER PVT. LTD.**
(STAR INTERNATIONAL HUMAN RESOURCE PVT. LTD.)
श्रम ईजाजत नं. ९५४/०६७/६८
Maharajgunj-3, Kathmandu, Phone No: 015908044/015906944

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **PRESTIGE GENERAL SERVICES LLC**

पूर्व स्वीकृति मिति: २०८०/११/०१ | LT. No. 299732 | चलानी नं. ६०२१४८९२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | loader/helper | 100 | 0 | 800 | २८,९०५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | cleaner | 75 | 50 | 800 | २८,९०५ | | | | | | | |
| 3 | security guard | 50 | 20 | 1200 | ४३,३९० | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन ९ गते (21st Feb. 2024) मा हुनेछ ।**

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** कामदार आफैंले **सेवा शुल्क:** निःशुल्क

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**(डि. के. रिभर ओभरसिज प्रा.लि)**
**DK RIVER OVERSEAS (P.) LTD.**
Govt.Lic. No. 1102/073/074
Tokha-09, Gangabu, Kathmandu,
Tel : 01-4980932/4982214/4955132
Mobile : 9851219532 Email : dkriverhr@gmail.com

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **EL KRAM FOR CONSTRUCTIONS CO WLL**

पूर्व स्वीकृति मिति : २०८०/१०/२९ | LT. No.299743 | चलानी नं. ६०२१४८६८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 5 | 0 | 1000 | ३६,४५० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Technician | 2 | 0 | 1200 | ४३,७३५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन ९ गते (21st Feb. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**ASLIYA MANPOWER SUPPLY PVT. LTD.**
श्रम ईजाजत नं. १६६९/०८०/०८१
Kathmandu Metropolitian City-9, Gairigaun, Bagmati Province
Phone No. 9843148012

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **TONE DIET COMPANY**

पूर्व स्वीकृति मिति : २०८०/०४/३० | पुन विज्ञापन स्वीकृति मिति २०८०/११/०१ | LT. No. 291028 | चलानी नं.६०२०६२८५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Chef (Hot Kitchen) | 1 | 0 | 125 | ५३,८७० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Assistant Chef (Salad Section) | 2 | 0 | 125 | ५३,८७० | | | | | | | |
| 3 | Light Vehicle Driver | 2 | 0 | 135 | ५८,१८० | | | | | | | |
| 4 | Pastry And Baker Chef | 3 | 0 | 135 | ५८,१८० | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन ९ गते (21st Feb. 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**EXPRESS RECRUITER NEPAL PVT. LTD**
Govt. License No. 1613/079/080
Dhumbarahi-4, Kathmandu, Nepal, Ph. No: +977-01-5916897,5917897
E-mail : expressrecruiternepal.com, expressrecruiter.nepal@gmail.com

Government of Province
**Water Supply, Irrigation and Energy Development Office**
Karnali Province, Kalikot, Nepal

## Invitation for Bids

Tender Notice No: 03/080-081/WINEDO-KALIKOT
Date of First times Publication: 2080/11/02 (2024-Feb-14)

1. Contract detail.

| Contract Number | Description of Work | Estimated Amount without VAT | Bid Security Amount | Bid Document Fee |
|---|---|---|---|---|
| 02/080-081/ NCB/GOODS /RE/WIEDO-KALIKOT | Supply and Delivery of Hot Deep Galvanized steel Tubular Pole, ACSR Conductor and other electrical accessories at Kalikot | 51,37,708.23 | 1,46,000.00 | 3000.00 |

2. Purchase, Submission and Opening:

| Purchase of Bid | | Submission of Bid | | Opening of Bid | |
|---|---|---|---|---|---|
| Up to Date | Time | Up to Date | Time | Date | Time |
| 2080/12/01 | 17:00 | 2080/12/02 | 12:00 | 2080/12/02 | 13:00 |

For further information:
Tel. : 087-440003,
Email : winedokalikot@gmail.com
and in
website : bolpatra.gov.np.

**Office Chief**

प्रभाव दैनिक

रूपशाला

### स्वास्थ्य संस्थालाई निश्चलले दिए तीन रोपनी जग्गा

फिल्म निर्देशक तथा कलाकार निश्चल बस्नेतले इलाम नगरपालिका -१ साखेजुङमा रहेको आफ्नो जग्गा स्थानीय स्वास्थ्य संस्थालाई प्रदान गरेका छन् । इलामस्थित मालपोत कार्यालयमा पुगेर बस्नेतले ३ रोपनी, २ दाम २ पैसा जग्गा स्थानीय आधारभूत स्वास्थ्य सेवा उपकेन्द्रलाई प्रदान गरेका हुन् । बुवाको इच्छामा अनुसार आफ्नो नाममा रहेको उक्त जग्गा दान गरेको निश्चलले बताए । 'कतै हल्ला नगरी सुटुक्क दान गर्ने इच्छा थियो', निश्चलले भने 'हल्ला भइहाल्यो ।' जग्गा दान गर्न उनी बुवासँगै मालपोत कार्यालयमा पुगेका थिए ।



बुधबार २, फागुन २०८० (Wednesday, February 14, 2024)

# चिसोको प्रवाह नगरिकन छायांकन

■ प्रभाव संवाददाता



**काठमाडौं–** अन्य समयको तुलनामा चिसो हुने महिना पुस र माघमा संख्यात्मकरूपमा कम चलचित्र छायांकन हुने गरेको पाइन्छ । विशेषतः चिसोले प्रभाव पार्ने भएकाले यो समयलाई छायांकनका लागि उपयुक्त मानिँदैन । किनकी दृश्यांकन गर्दा बाक्लो कुहिरो अर्थात् हुस्सुलेसमेत प्रभाव पर्छ ।

यद्यपि प्रदर्शन मिति अगाडि नै घोषणा गरिँदा केही कलाकार चलचित्र छायांकनमा व्यस्त छन् । मनाङबाट चलचित्र 'खुस्मा'को पहिलो तालिकाअन्तर्गतको छायांकन भइसकेको छ । हिउँका दृश्य चलचित्रमा राख्नुपर्ने भएकाले मनाङबाट फिल्मको छायांकन सुरु गरिएको जानकारी दिँदै निर्देशक अशोक थापामगरले बाँकी दृश्य चाँडै खिचिने बताए ।

चलचित्रमा अभिनेता धीरज मगर, अभिनेत्री उपासना सिंह ठकुरी, अस्तित्व भट्टचन, खड्गबहादुर पुन तथा अरुण मगरलगायतका कलाकारले अभिनय गरिरहेका छन् । यस्तै जेठमा प्रदर्शन गर्ने तयारीअनुरूप चलचित्र 'पुजार सार्की' छायांकन कास्कीको कास्कीकोटबाट सुरु गरिएको छ । जातीय विभेदविरुद्ध समाजका तीन पात्रले गर्ने साझा संघर्षको कथा रहेको चलचित्रलाई दिनेश राउतले निर्देशन गरिरहेका छन् ।

'जाडोकै महिना भए पनि हाम्रो छायांकनस्थल र कलाकारको समयका कारण यही समय उपयुक्त मानिएको हो, पहिला पनि मैले जाडोको समयमा चलचित्रको काम गरेको छु, चिसोको प्रभाव नपर्ने होइन, तर हाम्रा लागि अनुकूल समय यही हो', निर्देशक राउतले भने ।

विकास सुवेदीको लेखन रहेको चलचित्रमा आर्यन सिग्देल, प्रदीप खड्का, पल शाह, अञ्जना बराइली, परीक्षा लिम्बू, मोहन निरौला, लोकेन्द्र लेखक, सुवास गजुरेल, विद्या कार्की, तारा शर्मालगायतका कलाकारले अभिनय गरिरहेका छन् । चलचित्रलाई राजेश श्रेष्ठले छायांकन गरिरहेका छन् ।

यस्तै चलचित्र 'फर्कीफर्की' को छायांकन पोखरापछि काठमाडौँमा भइरहेको छ । बाँकी दृश्य अन्नपूर्ण बेसक्याम्प र इन्डोनेसियाको बालीमा खिच्ने तयारीमा निर्माण पक्ष छ । रोहित अधिकारीको निर्माण तथा सुयोग गुरुङको निर्देशनमा तयार भइरहेको चलचित्रमा अनमोल केसी, जसिता गुरुङ, रवि काफ्ले, समृद्धि अर्याल, कृष्ण मल्ल, निर्मल शर्मा, विन्दा खतिवडा, आशिक गुरुङ, माओत्से गुरुङ, रुस्का वैद्य श्रेष्ठ, अर्नव घिमिरेलगायतका कलाकारको अभिनय रहेको छ ।

उल्लेखित चलचित्र प्रदर्शन मिति तय गरिनुका साथै कलाकारले उपलब्ध गराएको समयको कारण पनि चिसो समयमा छायांकनरत छन् । केही चलचित्रका बाँकी छिटफुट छायांकन पनि भइरहेका छन् । प्रदर्शन मिति तय हुँदा समयमै काम सकाउनु पर्ने दबाब निर्माण पक्षलाई हुने गर्छ ।

# अव्यावहारिक कर हटाउन माग गर्दै अर्थमन्त्री भेट्न पुगे चलचित्रकर्मी



■ प्रभाव संवाददाता

**काठमाडौं–** चलचित्रकर्मीले चलचित्र क्षेत्रमा लगाइएको अव्यवहारिक कर हटाउनुपर्ने मागसहितको एक ज्ञापनपत्र चलचित्रकर्मीले अर्थमन्त्री डा. प्रकाश शरण महतलाई बुझाएका छन् । मंगलबार कलाकर्मीको एक जम्बो टोली अर्थ मन्त्रालय सिंहदरबार पुगेर मन्त्री महतलाई ज्ञापन पत्र बुझाएका हुन् ।

ज्ञापनपत्रमा चलचित्र विकाश शुल्क, स्थानीय कर लगायत चलचित्रकर्मी माथि लगाइएको दोहोरो तथा अव्यवहारिक कर हटाउनुपर्ने लगायत विभिन्न बुँदा समेटिएको टोलीमा सहभागी चलचित्र संघका उपाध्यक्ष गोपालकाजी कायस्थाले बताए । पत्र बुझ्दै मन्त्री महतले चलचित्रकर्मीको माग प्रति आफू सकारात्मक रहेको र आफूले सक्दो सहयोग गर्ने बचन समेत दिएको कायस्थाको भनाई छ ।

टोलीमा कलाकार दीपकराज गिरी, अशोक शर्मा, दीपेन्द्र के खनाल, खगेन्द्र लामिछाने, नरेन्द्र महर्जन, रबिन्द्र सिंह बाँनिया, नक्किम उदिन लगायत दर्जनबढी कलाकर्मीको सहभागीता रहेको थियो ।

# पत्रकार धितालका ६ पुस्तक एकैसाथ बजारमा

■ प्रभाव संवाददाता




**काठमाडौं–** पत्रकार एवं लेखक मनऋषि धितालले आफ्ना ६ पुस्तक एकैपटक सार्वजनिक गरेका छन् । नेपाली जनयुद्धका अनुभूति समेटिएका ती पुस्तक प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले एक समारोहबीच सार्वजनिक गरेका हुन् ।

उक्त अवसरमा प्रधानमन्त्री दाहालले जनयुद्ध दिवसको ऐतिहासिक अवसर पारेर इतिहासलाई जीवन्त राख्न पुस्तकले सहयोग गर्ने बताए । उनले पुस्तकको सफलताको शुभकामना दिए । पत्रकार धितालको पुस्तक 'जेलयात्रा', 'बेनीयात्रा', 'आधारयात्रा', 'राजमार्गयात्रा', 'पिलीयात्रा' र 'गण्डकयात्रा' सार्वजनिक गरिएका हुन् । उनको यसअघि 'गुफाप्रेसका चिठ्ठी' पुस्तक प्रकाशित भइसकेको छ । सो अवसरमा लेखक एवं भाषा आयोगका अध्यक्ष गोपाल ठाकुरको पुस्तक 'रामराज्यका अँध्याराहरू' समेत प्रधानमन्त्री दाहालले सार्वजनिक गरे ।

लेखक धितालले जनयुद्धकालको स्मरण गर्ने उद्देश्यका साथ पुस्तक प्रकाशन गरेको जानकारी दिए । लेखक एवं भाषा आयोगका अध्यक्ष ठाकुरले जनताको बलिदानबाट स्थापित गणतन्त्रविरुद्ध उभिन खोज्नेका बारेमा आफूले पुस्तकमा उल्लेख गरेको बताए । उनको पुस्तकमा १३ कथा छन् ।

# 'काँडेतार'को ट्रेलर सार्वजनिक

■ प्रभाव संवाददाता

**काठमाडौं–** नवल खड्का निर्देशित फिल्म 'काँडेतार'को ट्रेलर सार्वजनिक गरिएको छ । मंगलबार राजधानीमा आयोजित एक कार्यक्रमका बिच सार्वजनिक ट्रेलरमा सीमा अतिक्रमण र त्यसका लागि नेपाली जाग्नुपर्ने विषय उठाइएको छ ।

सामना फिल्मस् प्रा.लिको प्रस्तुतिमा तयार भएको यो फिल्ममा नवल खड्काको कथा, निर्माण र अभिनय समेत छ । फिल्मको कार्यकारी निर्माता सत्यकला राई हुन् ।

नवल खड्का, गौरव पहारी, सुरबिना कार्की, रेबिका गुरुङ, प्रशान्त यादव, मुरलिधर, प्रेम सुब्बा, संजय खतिवडा लगायतका कलाकारको अभिनय रहेको फिल्ममा मक्किको राई, अञ्जु केसी, नाडिया खड्का र सानिया खड्का निर्माताको रूपमा छन् ।

शिवम् अधिकारी र नवल खड्काको पटकथा रहेको फिल्ममा बन्दे प्रसाद र तारा थापाको सम्पादन, सौरभ लामाको छायांकन, मणी थापा र दीपक शर्माको संगीत, श्री श्रेष्ठको द्वन्द्व र कविराज गहतराजको कोरियोग्राफी छ ।

नेपालको सीमा स्तम्भमाथि भारतले बारम्बार गर्ने खेलबाडको कथालाई फिल्मले विषयवस्तुको रूपमा प्रस्तुत गरेको छ । फिल्मले नेपाल र भारतको सिमानामा काँडेतार लगाउनुपर्छ भन्ने सन्देश दिने निर्माण युनिटले बताएका छन् ।

## रंगशाला

**एसिसी महिला प्रिमियर लिग:**

# नेपालको कीर्तिमानी जित



■ प्रभाव संवाददाता

**काठमाडौं–** एसिसी महिला प्रिमियर लिग क्रिकेट प्रतियोगितामा नेपालले माल्दिभ्समाथि कीर्तिमानी जित हासिल गरेको छ । नेपालले माल्दिभ्सलाई दुई सय १४ रनको फराकिलो अन्तरले पराजित गरेको हो । यसमा नेपाली टोलीकी प्रमुख ब्याटर रुबिना क्षेत्रीको कीर्तिमानी शतक सामेल थियो । उनले अविजित एक सय १८ रन बनाइन् ।

मलेसियाको क्वालालम्पुरमा टस जितेर नेपालले पहिला ब्याटिङ गर्दै निर्धारित २० ओभरको खेलमा चार विकेट गुमाएर दुई सय २७ रन बनायो । दुई सय २८ रनको विजयी लक्ष्य पछ्याउने क्रममा माल्दिभ्सको पारी १३ दशमव पाँच ओभरमा मात्र १३ रनमा समेटियो । नेपालका लागि रुबिनाले ५४ बलमा शतक प्रहार गरिन् । उनी नेपालबाट अन्तर ाष्ट्रिय क्रिकेट प्रतियोगितामा शतक प्रहार गर्ने पहिलो महिला खेलाडी बनेकी छिन् ।

यसअघि नेपालबाट अन्तर्राष्ट्रिय महिला क्रिकेटमा सीता रानामगरले सर्वाधिक ८२ रन बनाइएकी थिइन् । आजको खेलमा रुबिनाले ५९ बलमा १० चौका र पाँच छक्का हानिन् । त्यसैगरी नेपालका लागि पूजा महतोले ५९ रनको योगदान दिइन् । उनले ३६ बलमा पाँच चौका र एक छक्का प्रहार गरिन् । यस्तै सीता रानामगरले १५ तथा कविता कुवँले १३ रन बनाइन् ।

बलिङतर्फ माल्दिभ्सकी शम्मा अलीले तीन तथा नब्बा नासिमले एक विकेट लिइन् ।

माल्दिभ्सलाई मात्र १३ रनमै समेट्ने क्रममा नेपालकी अस्मिना कर्माचार्यले सर्वाधिक चार विकेट लिइन् । यस्तै पूजा महतो र रुबिना श्रेत्रीले तीन तीन विकेट लिइन् । माल्दिभ्सका कुनै पनि खेलाडीले दोहोरो अंकमा रन जोड्न सकेनन् । सुमाया विन्थ अब्दुल हमिदले पाँच तथा नब्बा नासिम र हफसा अब्दुल्लाले दुई दुई रन बनाए ।

लगातार तीन खेल जित्दै प्रतियोगिताको समूह 'डी' मा रहेको नेपाल क्वाटरफाइनमा प्रवेश गरेको छ । नेपालले पहिलो खेलमा हङकङ र दोस्रो खेलमा भुटानलाई आठ आठ विकेटले पराजित गरेको थियो । लगातार तेस्रो खेलमा हार बेहोरेको माल्दिभ्स प्रतियोगिताबाट बाहिरिएको छ । माल्दिभ्स पहिलो खेलमा भुटान र दोस्रो खेलमा हङकङसँग पराजित भएको थियो ।

लगातार तीनवटा जितसँगै समूह विजेताको रूपमा नेपाल क्वाटरफाइनलमा प्रवेश गरेको छ भने यो समूहबाट हङकङ पनि समूह उपविजेताका रूपमा क्वार्टरफाइनलमा पुग्यो । हङकङले मंगलबार नै खेलिएको समूहगत चरणको आफ्नो अन्तिम खेलमा भुटानलाई ७२ रनले हरायो । दुई जित हात पारेको हङकङको चार अंक छ ।

एसियाली क्रिकेट काउन्सिल (एसीसी) ले महिला प्रिमियर कप पहिलो पटक आयोजना गरेको हो । यो प्रतियोगिताको फाइनलमा पुग्ने दुई टोलीले आगामी जुलाईमा आयोजना हुने महिला टी-२० एसिया कपमा सहभागिता जनाउन पाउने छ । एसिया कपमा भारत, पाकिस्तान, बंगलादेश, श्रीलंका र छनोट चरणबाट आउने दुई टोली सहभागी हुनेछन् ।

फेब्रुअरी १८ तारिखसम्म सञ्चालन हुने महिला प्रिमियर कपमा कुल १६ वटा राष्ट्रको सहभागिता रहेको छ । प्रतियोगिताको समूह 'सी' मा बहराइन, इन्डोनेसिया, आयोजक मलेसिया र कतार रहेका छन् । समूह 'बी' मा चीन, जापान, ओमान र संयुक्त अरब इमिरेट्स (यूएई) परेका छन् । समूह 'ए' मा भने कुवेत, म्यानमार, सिंगापुर र थाइल्यान्ड रहेका छन् ।

समूहगत चरणको खेलपछि प्रत्येक समूहबाट दुई-दुई टोली प्रतियोगिताको क्वार्टरफाइनलमा प्रवेश गर्नेछन् । चारवटै क्वार्टरफाइनल खेल फेब्रुअरी १४ तारिखमा खेलिने छ । सेमिफाइनल खेल फेब्रुअरी १६ र फाइनल खेल १८ तारिखमा हुनेछ ।

**मणिमुकुन्द कप राष्ट्रिय भलिबल**

# तीन विभागीय टोलीसहित गण्डकी सेमिफाइनल प्रवेश

■ प्रभाव संवाददाता



**बुटवल –** रूपन्देहीको बुटवलमा जारी राष्ट्रिय भलिबल प्रतियोगिताको सेमिफाइनलमा तीन विभागीय सहित गण्डकी भिड्ने भएको छ। तिलोत्तमामा जारी नवौं मणिमुकुन्द कप राष्ट्रिय पुरुष भलिबल प्रतियोगितामा विभागीय टिमको दबदबा कायमै रहेको हो ।

विभागीय टिम नेपाल पुलिस, एपीएफ, त्रिभुवन आर्मी र गण्डकी प्रदेश खेलको सेमिफाइनल पुगेपछि प्रतिस्पर्धा रोचक हुने देखिएको छ । आज भएको प्रतियोगितामा नेपाल पुलिस क्लब र कोशी प्रदेश बिच भएको खेलमा नेपाल पुलिस क्लबले सोझो सेटमा कोशीलाई हराउन सफल भएको छ । प्रहरीले २५-१७,२५-१३,२५-१५ मा कोशीलाई रोक्दै नेपाल पुलिस क्लब विजयी भएको हो । खेलमा उत्कृष्ट प्रदर्शन गरेको भन्दै नेपाल पुलिस क्लबका खेलाडी पहल गहतराजलाई खेलको म्यान अफ द म्याच हुन सफल भएका छन् ।

दोस्रो खेल बाग्मती प्रदेश एपीएफ बिच भएको खेलमा एपीएफ क्लब विजयी भएको हो । एपीएफले पहिलो सेट २५- १८ बनाएर पहिलो सेट हात पारेको थियो तर दोस्रो सेट भने बाग्मतीले एपीएफलाई १८ मा रोक्दै २५ बनाएर पुनः खेल बराबरी बनाएको थियो। एक-एक सेट बढेको खेलको बाँकी २ सेट भने एपीएफले आफनो कोल्टामा पार्न सफल भएको छ । एपीएफले बाँकी सेट २५-१९, २५-१९ ले जित्दै सेमिफाइनलको यात्रा तय गरेको हो ।

त्रिभुवन आर्मी क्लब र सुदूरपश्चिम प्रदेशबिच भएको तेस्रो खेलमा सोझो सेटमा त्रिभुवन आर्मी क्लब विजयी भएको छ । आर्मीले २५-१५,२५-१९,२५-१९, बनाएर जित हात पारेको हो । चौथो खेल गण्डकी प्रदेश र लुम्बिनी प्रदेशबिच भएको थियो । गण्डकीले २५-१७, २५-१८, २५-२२ ले लुम्बिनीलाई हराउँदै सेमिफाइनलमा पुगेको हो ।

प्रतियोगितामा प्रथम टिमले नगद २ लाख १ रूपैयाँ, द्वितीय हुनेले १ लाख ५० हजार १ रूपैयाँ, तृतीय हुनेले नगद १ लाख १ रूपैयाँ र सान्त्वना स्थान हुनेले नगद ५० हजार १ रूपैयाँ सहित कप, मेडल र प्रमाणपत्र पाउने छन् । प्रतियोगिता फागुन ३ गते सम्म सञ्चालन हुनेछ ।

**बागमती गोल्डकप राष्ट्रिय फुटबल**

# मच्छिन्द्रको विजयी सुरुवात

**काठमाडौं (प्रस) –** मकवानपुरको बागमती गाउँपालिकामा मंगलबारबाट सुरु छैटौं बागमती गोल्डकप राष्ट्रिय फुटबल प्रतियोगितामा मच्छिन्द्र क्लबले विजयी सुरुवात गरेको छ । बागमती गाउँपालिका फापरबारीस्थित जनता माविको खेल मैदानमा भएको उद्घाटन खेलमा मच्छिन्द्रले बागमती क्लब सर्लाहीलाई ५-२ गोल अन्तरले हराएको हो ।

मच्छिन्द्रले खेलको पहिलो हाफमा दुई र दोस्रो हाफमा तीन गोल गऱ्यो । यसैगरी बागमतीले खेलको दोस्रो हाफमा दुई सान्त्वना गोल गरेको थियो । खेलको 'म्यान अफ दि म्याच' मच्छिन्द्रका विमल घर्ती मगर घोषित भए । प्रतियोगिता अन्तर्गत बुधबार आयोजक बागमती खेलकुद विकास समिति र हिमालयन शेर्पा क्लब बीच खेल हुनेछ ।

खेलकुद विकास समिति बागमतीको आयोजनामा संचालन भएको प्रतियोगिताको बागमती गाउँपालिका मुख्य प्रायोजक रहेको छ । प्रतियोगितामा ७ वटा ए डिभिजन र तीन वटा मोफसलका गरी १० टिमको सहभागिता जनाएको बागमती गाउँपालिका खेलकुद विकास समितिका अध्यक्ष टिकालाल श्रेष्ठले जानकारी दिए ।

जावलाखेल युथ क्लव ललितपुर, बागमती युथ क्लब सर्लाही, मच्छिन्द्र फुटबल क्लब काठमाडौं, नव जन जागृती क्लब सिमरा बारा, एनआरटी फुटबल क्लब काठमाडौं समुह 'क' मा रहेका छन् । यस्तै नेपाल आर्मीको त्रिभुवन क्लब काठमाडौं, हिमालयन शेर्पा क्लब काठमाडौं, आयोजक बागमती खेलकुद विकास समिति, शसस्त्र प्रहरीको एपिएफ फुटबल क्लब काठमाडौं, चर्च ब्वाईज युनाईटेड क्लब काठमाडौं समुह 'ख' मा छन् ।

फागुन १० गतेसम्म संचालन हुने प्रतियोगिताको विजेता टिमले नगद १० लाख रूपैंया तथा उपविजेताले नगद ५ लाख रूपैंया प्राप्त गर्ने आयोजकले जनाएको छ । पाँचौं संस्करणको उपाधिको विजेता भृट्निज युथ स्पोर्ट्स क्लवले भने यस संस्करणमा सहभागिता जनाएको छैन ।

अमेरिकालाई इयू विदेश नीति प्रमुखको आह्वान

# इजरायललाई हतियार आपूर्ति बन्द गरौं

**जेरुसेलम-** युरोपेली संघका विदेश नीति प्रमुख जोसेप बोरेलले इजरायलका सहयोगी, विशेषगरी संयुक्त राज्य अमेरिकालाई गाजामा 'धुप्रै मानिस' मारिएकाले हतियार आपूर्ति बन्द गर्न आह्वान गरेका छन् ।

अलजजिराले उल्लेख गरेअनुसार इजरायलको सैन्य कारबाहीबारे अमेरिकी राष्ट्रपति जो बाइडेनको गत हप्ताको भनाइलाई उद्धृत गर्दै बोरेलले सोमबार भने, 'ठीक छ, यदि तपाईं धेरै मानिसहरू मारिएको विश्वास गर्नुहुन्छ भने, हुनसक्छ तपाईंले यसलाई रोक्नका लागि कम हतियार उपलब्ध गराउन सक्नुहुन्छ । किनकि यहाँ धेरै मानिस मारिए ।'

'के यो तार्किक छैन ?,' उनले प्यालेस्टाइन शरणार्थीका लागि संयुक्त राष्ट्रसंघको राहत र कार्य निकायका प्रमुख फिलिप लाजारिनीसँग ब्रसेल्सको पत्रकार सम्मेलनमा प्रश्न गर्दै टिप्पणी गरेका छन् ।

अलजजिराका अनुसार बोरेलले भने, 'यदि अन्तर्राष्ट्रिय समुदायले यो हत्या हो भन्ने विश्वास गर्छ भने, हामीले हतियारको प्रावधानको बारेमा सोच्नुपर्छ ।'

यसैबीच इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहूका निर्देशनको इयू कूटनीतिज्ञले आलोचना गरिरहेका छन् । गाजा सहर रफाहमा शरण खोज्ने १० लाख प्यालेस्टाइनीहरूलाई त्यहाँ योजनाबद्ध इजरायली सैन्य कारबाही अघि बढाइएको छ ।

इयू विदेश नीति प्रमुखले दक्षिणी गाजा सहर रफाहमा भएको आक्रमणप्रति गहिरो चिन्ता व्यक्त गरेका छन् । फेब्रुअरी ११ को आक्रमणले 'एक अकल्पनीय मानवीय प्रकोप निम्त्याउने' र छिमेकी इजिप्टसँग गम्भीर तनाव निम्त्याउने उनको धारणा छ ।

यसैबीच ग्रीसका पूर्वअर्थमन्त्री यानिस भारोफाकिसले गाजामा भइरहेको अत्याचारको जिम्मेवारी युरोपेली देशहरू रहेको बताएका छन् । 'हामी युरोपेलीले समस्या सिर्जना गरेका छौं... हामी यसको स्थायित्वका नाममा खराब भूमिका खेलिरहेका छौं,' भारोफिकोसले अल जेजलाई भने ।

बोरेललाई पूर्वअर्थमन्त्रीले यस घटनामा इजरायललाई पर्याप्त दबाब नदिएको र इयूले इजरायललाई सामूहिकरूपमा सशस्त्र सहयोग गरिरहेको आरोप लगाएका छन् । 'जर्मनी, फ्रान्स र इटालीले मानिसहरूलाई मार्न रफाहमा प्रयोग भइरहेका हतियारहरू पठाइरहेका छन्,' भारोफाकिसले थप टिप्पणी गरेका छन् ।

यसबाहेक संयुक्त राष्ट्रसंघका मानवअधिकार प्रमुख भोल्कर टर्कले पनि रफाहमा इजरायली भूमि हमलाका लागि दुःख व्यक्त गरेका छन् । यदि नियोजित घुसपैठ रोकिएन भने भविष्यमा के हुन्छ भन्ने पूर्ण कल्पना गर्न नसकिने टर्कले उल्लेख गरे ।

उनले भने, 'रफाहमा सम्भावित पूर्णसैन्य घुसपैठ, जहाँ करिब १५ लाख प्यालेस्टिनीहरू इजिप्टको सिमानामा भाग्नका लागि तयार रहेको डरलाग्दो अवस्था छ । यस सम्भावनालाई ध्यानमा राख्दै, धेरै ठूलो संख्यामा नागरिकहरू त्यसमा पनि प्रायः बालबालिका र महिलाहरू, सम्भवतः मारिने र घाइते हुने तीव्र सम्भावना छ ।'

गाजापट्टीको ठूलो भागलाई ध्वस्त पारेको इजरायली हवाई आक्रमणबाट बच्न गाजाका अधिकांश जनसंख्याले रफाहमा शरण लिएका छन् । गाजाको शासक निकाय हमासले इजरायललाई चेतावनी दिएको छ- रफाहमा कुनै पनि भूमिगत आक्रमणले युद्धविराम र कैदीहरूको आदानप्रदानका लागि चलिरहेको वार्तामा बाधा पुऱ्याउन सक्छ ।

प्यालेस्टिनी अधिकारीहरूले बताएअनुसार अक्टोबरदेखि इजरायली आक्रमणमा २८ हजार ३४० भन्दा बढी मानिसहरूले ज्यान गुमाएका छन् । ज्यान गुमाउनेहरूमा पनि खासगरी महिला र बालबालिकाहरू बढी छन् । सहायता एजेन्सीहरूको भनाइअनुसार गाजाको ८० प्रतिशतभन्दा बढी जनसंख्या विस्थापित भएको छ ।

इजरायलले गत अक्टोबर ७ मा दक्षिणी इजरायलमा हमासले गरेको आक्रमणको प्रतिक्रियामा कठोर सैन्य अभियान सुरू गरेको छ जसले भयानक द्वन्द्व र मानवीय क्षति निम्त्याएको छ । *रासस/एएनआई*

## रफाहमा छिटो सैन्य कारबाही रोक्न चीनको आग्रह



**बेइजिङ-** चीनले मंगबार इजरायललाई गाजाको रफाह सहरमा सैन्य कारबाही सकेसम्म चाँडो रोक्न आग्रह गरेको छ । यसै सन्दर्भमा यदि लडाइँ निरन्तर चलिरहेमा गम्भीर मानवीय प्रकोप हुने चेतावनी दिएको छ ।

चीनले रफाह क्षेत्रको घटनाक्रमलाई नजिकबाट हेरिरहेको उल्लेख गर्दै नागरिकलाई हानि पुऱ्याउने, अन्तर्राष्ट्रिय कानुन उल्लंघन कार्यको विरोध तथा निन्दा गरेको विदेश मन्त्रालयले विज्ञप्तिमार्फत जनाएको छ ।

बेइजिङले इजरायललाई छिट्टै सैन्य कारबाही रोकी रफाह क्षेत्रमा गम्भीर मानवीय प्रकोप रोकेर निर्दोष नागरिकको जीवन रक्षा गर्न आवश्यक प्रयास गर्न आग्रह गरेको छ । इजरायलले हमाससँग युद्धविराम गर्न बढ्दो अन्तर्राष्ट्रिय दबाबको सामना गरिरहेको छ । यसैबीच दक्षिणी गाजा सीमावर्ती सहर रफाहमा आक्रमणको तयारी गरिरहेको छ जहाँ १० लाखभन्दा बढी विस्थापित प्यालेस्टिनी फसेका छन् ।

गत हप्ता युद्धविरामका लागि हमासका सर्त अस्वीकार गरेपछि इजरायलले सोमबार राफाहमा बिहान छापा मारेको थियो । जसले दुई जना बन्धकलाई मुक्त गऱ्यो भने करिब १०० जनाको ज्यान लियो ।

प्रधानमन्त्री बेञ्जामिन नेतान्याहूले रातको अपरेशनलाई प्रशंसा गर्दै प्यालेस्टिनी विदेश मन्त्रालयले दर्जनौं नागरिकहरूको नरसंहार बारम्बार भएको बताएको छ ।

हवाई आक्रमणअन्तर्गत दुर्लभ उद्धार अभियान नेतान्याहूले अमेरिकी राष्ट्रपति जो बाइडेनसँग कुरा गरेको केही घण्टापछि आएको थियो, जसले राफाहमा भएको ठूलो आक्रमणको विरोध गरेका छन् ।

संयुक्त राष्ट्रसंघले पनि इजरायललाई नागरिकको रक्षा गर्ने योजनाविना राफाहमा भूमि आक्रमण नगर्न चेतावनी दिएको छ । *रासस/एएफपी*

## अफ्रिकी विशेषज्ञहरू खाद्य मापदण्डबारे छलफलमा

**किगाली-** अफ्रिकी खाद्य मापदण्डको सामञ्जस्य गर्दै महाद्वीपमा स्वतन्त्र व्यापार प्रवर्द्धन गर्ने उद्देश्यले रुवान्डाको राजधानी किगालीमा सोमबार आयोजित बैठकमा सहभागी विज्ञहरूले खाद्य सुरक्षाका लागि मापदण्डको सन्तुलनमा जोड दिएका छन् ।

अफ्रिकाको अन्तरसरकारी मापदण्ड निकाय, मानकीकरणका लागि अफ्रिकी संगठनद्वारा आयोजित बैठक अफ्रिकी महादेशीय स्वतन्त्र व्यापार सम्झौताको कार्यान्वयनको ढाँचामा केन्द्रित छ ।

रुवान्डा मानक बोर्डका महानिर्देशक रेमन्ड मुरेञ्जीले उद्घाटनका क्रममा सबै देशहरू खाद्यसुरक्षा सुनिश्चित गर्न प्रतिबद्ध भएकाले अन्तर-अफ्रिका व्यापारलाई सहज बनाउन आवश्यक मापदण्ड निर्माणमा जोड दिएका छन् । आवश्यक मापदण्ड मानकीकरणका लागि अफ्रिकी संगठनका महासचिव हर्मोजेन सेन्गिमानाले सदस्य र साझेदारहरूसँगको सहकार्यमा अन्तरसरकारी मानक निकाय सक्षम भएको दाबी गरेका छन् ।

'हामी अफ्रिकी मापदण्डहरू विकास गर्न र मिलाउन सराहनीय काम गर्न जारी राख्ने देशहरू र विशेषज्ञहरूको सहयोगप्रति खुसी छौं । यो एउटा राम्रो कदम हो जुन हामीले एक मानक, एक परीक्षण, सबै ठाउँमा एक प्रमाणपत्र-स्वीकार गर्ने महादेशको रूपमा विकास गरेका छौं,' उनले भने ।

रुवाण्डाको वाणिज्य तथा उद्योग मन्त्रालयका स्थायी सचिव रिचर्ड निवेनशुटीले मापदण्ड र अन्य आवश्यकता मिलाउन एकसाथ प्रयासमा संलग्न अफ्रिकी देशहरूको प्रशंसा गरेका छन् । उनले नमिलेका मापदण्ड मिलाउन जरुरी रहेको बताएका छन् ।

फेब्रुअरी १६ सम्म चल्ने एक हप्ता लामो बैठकले २०० वटा मापदण्डहरू मिलाउने प्रयास गरेको छ । मानकीकरणका लागि अफ्रिकी संगठनलाई अन्तर-अफ्रिका व्यापारलाई सहजीकरण गर्ने उद्देश्यले मेलमिलापका लागि मापदण्ड र सोअनुरूप मूल्यांकन प्रक्रियाहरू समन्वय गर्न जिम्मेवार बनाइँदै छ ।

उक्त निकायले मत्स्य उत्पादन, दुग्ध उत्पादन, बागवानी, कफी, कोकोआ र चिया, जीवित जनावर, पशुखाना, कृषि तथा जैविक प्रविधिलगायत आठ प्राथमिकताका क्षेत्रहरूमा मापदण्ड मिलाउने कार्यलाई प्राथमिकतामा राखेको छ । *रासस/सिन्ह्वा*

## पूर्वथाई प्रधानमन्त्री थाक्सिन रिहा हुने

**बैंकक-** थाइल्यान्डका पूर्वप्रधानमन्त्री थाक्सिन सिनावात्रालाई चाँडै रिहा गर्ने तयारी गरिएको न्यायमन्त्री तावी सोड्सोङले मंगलबार बताएका छन् ।

मन्त्रीमण्डलको बैठकमा भाग लिनुअघि तावीले पत्रकारसँग थाक्सिन यस महिना जेलबाट छुटकरा पाउनका लागि स्वीकृत ९३० कैदीमध्ये एक जना भएको बताएका छन् । ७४ वर्षीय थाक्सिन ७० वर्षभन्दा माथिको तथा गम्भीर रोगको बिरामी भएका कारण जेल मुक्तिका लागि सूचीबद्ध भएका उनको भनाइ छ ।

करिब छ महिना जेल सजाय भोगसकेका थाक्सिन फेब्रुअरी १७ मा रिहा हुने अपेक्षा गरिएको छ । ताहसिनल १५ वर्षभन्दा बढीको निर्वासन समाप्त गरेर गत वर्ष अगस्टमा थाइल्यान्ड फर्किएका थिए । उनलाई हिरासतमा लगेर विभिन्न अभियोगमा आठ वर्षको जेल सजाय सुनाइएको थियो । यद्यपि, अस्वस्थताका कारण उनलाई छोटो समयमै बैंककको जेलबाट अस्पतालमा सारेदेखि अस्पतालमा नै रहेको बताइएको छ ।

गत सेप्टेम्बरमा थाई राजाले शाही माफीका लागि अनुरोध गरेपछि थाक्सिनको जेल सजाय एक वर्षमा घटेको थियो । थाक्सिनले सन् २००१ देखि २००६ सम्म दक्षिणपूर्वी एसियाली देशको प्रधानमन्त्रीको रूपमा सेवा गरी सन् २००८ स्व-निर्वासनमा रहेका थिए । *रासस/सिन्ह्वा*


नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**हक दावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०७९/०२/२० मा दर्ता भएको प्रा.लि. नं. २९१६८५ को **कुसुम स्पा एण्ड ब्युटी केयर सेन्टर प्रा. लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआए उक्त कम्पनीको दर्ता खारेज गरिनेछ ।



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **MOON LIGHT CONTRACTING & CLEANING WLL**

पूर्व स्वीकृति मिति : २०८०/०३/२४ | पुन विज्ञापन स्वीकृति मिति : २०८०/११/०१ | LT. No. 289023 | चलानी नं. ६०२०४३८३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव QR | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Washing Worker | 6 | 0 | 1000 | ३६,४५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Supervisor | 1 | 0 | 2500 | ९१,१२० | | | | | | | |
| 3 | Representative | 1 | 0 | 2200 | ८०,१८५ | | | | | | | |
| 4 | Mason | 2 | 0 | 1100 | ४०,०९० | | | | | | | |
| 5 | Foreman | 2 | 0 | 2500 | ९१,१२० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० फागुन ९ गते (21st Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**दियालो इन्टरनेशनल इम्प्लोएमेन्ट एजेन्सी प्रा. लि.**
Licence No.: 811/065/066
पो.ब. नं.: २०१९, सिनामंगल काठमाडौं, फोन नं. ०१-४५६०९२२, ४५६०६००,
ईमेल : diyalointl@gmail.com, www.diyalo.com.np



## MAURITIUS मा वैदेशिक रोजगारको अवसर

कम्पनी : **SUPER CONSTRUCTION CO LTD**

पूर्व स्वीकृति मिति २०८०/०३/३१ | पुन विज्ञापन स्वीकृति मिति : २०८०/११/०१ | LT. No. :289473 | चलानी नं.६०१९९३५४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव MUR | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bar Bender Grade II | 1 | 0 | 16,665 | ४८,२५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | carpenter grade II | 1 | 0 | 16,665 | ४८,२५० | | | | | | | |
| 3 | Electrician grade II | 1 | 0 | 16,665 | ४८,२५० | | | | | | | |
| 4 | Foreman Grade II | 1 | 0 | 16,665 | ४८,२५० | | | | | | | |
| 5 | Mason grade II | 1 | 0 | 16,665 | ४८,२५० | | | | | | | |
| 6 | Plant Operator Grade II | 1 | 0 | 16,665 | ४८,२५० | | | | | | | |
| 7 | Plumber GRADE II | 1 | 0 | 16,665 | ४८,२५० | | | | | | | |
| 8 | Scaffolder Grade II | 1 | 0 | 16,665 | ४८,२५० | | | | | | | |
| 9 | Steel fixer grade II | 1 | 0 | 16,665 | ४८,२५० | | | | | | | |
| 10 | Tilers Grade II | 2 | 0 | 16,665 | ४८,२५० | | | | | | | |

कम्पनी : **A. CHINATAMBY CO LTD**

पूर्व स्वीकृति मिति २०८०/०६/२९ | पुन विज्ञापन स्वीकृति मिति : २०८०/११/०१ | LT. No. : 294019 | चलानी नं. ६०२०८८५९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव MUR | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Packing Operator | 25 | 0 | 15,000 | ४५,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० फागुन ९ गते (21st Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**The Center Overseas Concern Pvt.Ltd**
श्रम ईजाजत नं. ०८५/०५३/०५४
Basundhara, Ktm, Nepal, Tel : +977-1-4985474, 4985586, Mob: 9861045857



सुदूर पश्चिम प्रदेश सरकार
**सामाजिक विकास मन्त्रालय**
**स्वास्थ्य निर्देशनालय**
**महाकाली प्रादेशिक अस्पताल**
महेन्द्रनगर, कञ्चनपुर

**आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना**

(सूचना प्रकाशित मितिः२०८०/११/०२) *14th Feb 2024*

यस अस्पतालबाट निम्न लिखित ठेक्काको बोलपत्र आह्वानको लागि प्रकाशित सूचना अनुसार EGP मार्फत दाखिला हुन आएका तपशिलका प्राविधिक बोलपत्रहरु सारभुत रुपमा सफल भएकाले उक्त बोलपत्रदाताहरुले दाखिला गरेका आर्थिक बोलपत्रशहरु तपशिलको मितिमा खोलिने भएकोले सम्बन्धित बोलपत्रदाताहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| बोलपत्र आह्वानको सूचना प्रकाशित मिति | कामको विवरण र ठेक्का नम्बर | आर्थिक प्रस्ताव खोलिने मिति र समय | सारभूतरुपमा प्रभावग्राही बोलपत्रदाताहरु |
|---|---|---|---|
| कामको विवरण र ठेक्का नम्बर | आर्थिक प्रस्ताव खोलिने मिति र समय | सारभूतरुपमा प्रभावग्राही बोलपत्रदाताहरु | *National Construction Pvt Ltd Bhi. Na.Pa. 7 Kanchanpur* |
| | | | *PK- Binod JV Dhangadhi 5 Kailali* |
| | | | *BP -Subha Laxmi JV Dhangadhi 2 Kailali* |
| | | | *GK -Panta JV Dhangadhi 2 Kailali* |
| | | | *Sunrise Construction Dhangadhi 2 Kailali* |
| | | | *Chaudhary -Jay Laxmi construction JV Mahendranagar Kanchanpur* |

डा. अर्जुन भट्ट



## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट। Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६। सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६। ज्ञान्जयोति पुस्तक पसल - बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४१६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – ११७७०० | प्रति तोला – ११७१५० | प्रति तोला – १३९५ |



**खर्कमा चौरी** | धवलागिरि र टुकुचे हिमालको फेदीमा रहेको मुस्ताङको थासाङ गाउँपालिका–२ सेकुङ ताल नजिकैको खर्कमा थुप्रिएका चौंरी गाई। चिसो याममा बेंसीमा झारिएका चौरीका गोठ बर्खामा हिमालको फेदीमा पुग्छन्। *तस्बिरः सन्तोष गौतम/रासस*

# हेटौंडा सवस्टेसनको निर्माण अन्तिम चरणमा

■ प्रभाव संवाददाता



**काठमाडौं** – मुलुकभित्रको विद्युत् प्रसारण तथा वितरण प्रणाली सुदृढीकरण एवं आधुनिकीकरणका लागि महत्वपूर्ण मानिएको मकवानपुरमा निर्माणाधीन चार सय केभी क्षमताको सवस्टेशनको काम अन्तिम चरणमा पुगेको छ। मकवानपुरको हेटौंडा उपमहानगरपालिका-११ थानाभञ्याङमा सो सवस्टेशन निर्माणाधीन छ। हेटौंडा सवस्टेसनमा ४००/२२० केभी, २२०/१३२ केभी र १३२/११ केभी सवस्टेसन निर्माणाधीन छन्।

एक महिनाभित्र निर्माण सम्पन्न गरी सञ्चालन (चार्ज) गर्ने लक्ष्यका साथ सवस्टेसनका उपकरणको जडान, परीक्षणलगायत अन्तिम चरणका काम भइरहेका छन्। सवस्टेसनमार्फत राष्ट्रिय प्रसारण प्रणालीमा विद्युत् प्रवाहका अतिरिक्त स्थानीयरूपमा आपूर्ति गरिनेछ। यसबाट त्यस क्षेत्रको विद्युत् आपूर्ति पर्याप्त, भरपर्दो र गुणस्तरीय हुनेछ।

निर्माण अनुगमनमा पुगेका नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक घिसिङले पछिल्लो समयमा सवस्टेसनको काम सन्तोषजनक देखिएको बताए। कार्यकारी निर्देशक घिसिङले निर्माणमा संलग्न आयोजना व्यवस्थापन र निर्माण व्यवसायीसँग छलफल गरेका थिए। घिसिङले एक महिनाभित्रमा सवस्टेसन सञ्चालनमा ल्याउने गरी बाँकी काम सम्पन्न गर्न निर्देशन दिए।

सरकार र विद्युत् प्राधिकरणको लगानीमा हेटौँडा-ढल्केबर-इनरुवा चार सय केभी सवस्टेसन विस्तार आयोजनाअन्तर्गत निर्माणाधीन ४००/२२० केभी हेटौँडा सवस्टेसनमा तीन सय १५ एमभिए क्षमताका तीन थान पावर ट्रान्सफर्मर छन्। त्यसको क्षमता नौ सय ४५ एमभिए छ।

धनुषाको ढल्केबरबाट र अमेरिकी सहायता परियोजना मिलेनियम च्यालेञ्ज कर्पोरेसन (एमसिसी)बाट प्राप्त हुने अनुदानबाट नुवाकोटको रातमाटेबाट निर्माण हुने चार सय केभीको डबल सर्किट प्रसारण लाइन हेटौँडा सवस्टेसनमा ल्याएर जोडिनेछ। यसका लागि हेटौँडा सवस्टेसनमा आवश्यक पूर्वाधार निर्माण गरिएको छ।

आयोजनाअन्तर्गत नै ढल्केबर र इनरुवामा ४००/२२० केभीका सवस्टेसन निर्माण सम्पन्न गरी सञ्चालनमा आइसकेका छन्। हेटौँडा र इनरुवा सवस्टेसन निर्माणका लागि २०७५ पुसमा ठेक्का सम्झौता भएको थियो।

देशभित्रको विद्युत् प्रसारण प्रणाली सुदृढीकरण र नेपाल-भारतबीचको विद्युत् व्यापारका लागि निर्माणाधीन हेटौँडा-ढल्केबर-इनरुवा ४०० केभी डबल सर्किट प्रसारण लाइन आयोजनाअन्तर्गत हेटौँडा २२०/१३२ केभी सबस्टेसन निर्माण गरिएको हो।

सवस्टेसनमा एक सय ६०/१६० एमभिएका दुई पावर ट्रान्सफर्मर छन्। ठेकेदार कम्पनीको कार्यसम्पादन सन्तोषजनक नभएपछि ठेक्का तोडी बाँकी रहेको काम गर्न २०७५ पुसमा नयाँ ठेक्का सम्झौता गरिएको थियो। आयोजनाअन्तर्गत नै धनुषा र इनरुवामा २२० केभीका सवस्टेसन निर्माण सम्पन्न भई सञ्चालनमा आइसकेका छन्। आयोजना सरकार तथा प्राधिकरणको लगानी र विश्व बैंकको सहुलियतपूर्ण ऋणमा सुरु गरिएको हो।

हेटौँडा-भरतपुर-बर्दघाट २२० केभी प्रसारण लाइन आयोजनाअन्तर्गत १३२/११ केभी हेटौँडा सवस्टेसन निर्माण गरिएको हो। यो सवस्टेसनबाट स्थानीयरूपमा विद्युत् आपूर्ति गरिनेछ। सरकार तथा प्राधिकरणको लगानी र विश्व बैंकको सहुलितपूर्ण ऋणमा आयोजना सुरु गरिएको थियो।

# नेप्सेमा ३० अंकको गिरावट

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक ३० दशमलव ५६ अंकले घटेर दुई हजार ७० दशमलव ५९ को बिन्दुमा कायम भएको छ। मंगलबार तीन सय पाँच कम्पनीका एक करोड २१ लाख ६५ हजार दुई सय दुई कित्ता सेयर ८२ हजार आठ सय ९९ पटक खरिद बिक्री भएका छन्। त्यसबाट रु चार अर्ब ६६ करोड ७१ लाख ७९ हजार तीन सय चार बराबरको कारोबार भएको नेप्सेले जनाएको छ।

नेपाल राष्ट्र बैंकले सोमबार चालु आर्थिक वर्षको मौद्रिक नीतिको अर्धवार्षिक समीक्षा गर्दै अधिकांश व्यवस्थालाई यथावत राखे पनि मंगलबारदेखि लागू हुने गरी स्थायी निक्षेप सुविधालाई कार्यान्वयनमा ल्याउने र संस्थागत मुद्दति निक्षेपको ब्याजदर निर्धारण गर्दा व्यक्तिगत मुद्दति निक्षेपमा प्रदान गर्ने ब्याजदरभन्दा एक प्रतिशत बिन्दुले न्यून राखी तय गर्न पाउने व्यवस्था ल्याएको थियो। मौद्रिक नीतिको समीक्षाको आंशिक प्रभाव पुँजी बजारमा पनि परेको रूपमा हेरिएको छ।

मंगलबार सबै समूहका उपसूचक घटेका छन्। सबैभन्दा धेरै विकास बैंक समूहको उपसूचक दुई दशमलव ४० प्रतिशतले र वित्त समूहको उपसूचक दुई दशमलव २० प्रतिशतले घटेको छ। बोटलर्स नेपाल (बालाजु) लिमिटेड, समाज लघुवित्त वित्तीय संस्था लिमिटेड र सुपर माइ हाइड्रोपावर लिमिटेडको सेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ। सबैभन्दा धेरै गुमाउनेमा भने गुँरास लघुवित्त वित्तीय संस्था लिमिटेडको सेयर मूल्य नौ दशमलव ७० प्रतिशतले घटेको छ।

कारोबार रकम र कारोबार भएका सेयर संख्याका आधारमा सबैभन्दा धेरै हिमालयन रिइन्स्योरेन्स लिमिटेडको रु ३२ करोड ५० लाख ४५ हजार ७२ बराबरका चार लाख ७८ हजार पाँच सय ६० कित्ता सेयर किनबेच भएका छन्।

## कर्पोरेट

# कुमारी बैंकको 'कुमारी गज्जब बचत' योजना




**काठमाडौं (प्रस)–** कुमारी बैंक लिमिटेडले 'कुमारी गज्जब बचत खाता' योजना सार्वजनिक गरेको छ। बैंकले न्युनतम मौज्दात रु. १,००० रहेको यस खातामा बैंकले उच्च ब्याजदर वार्षिक ६.०१ प्रतिशत प्रदान गर्नुका साथै रु. २० हजार सम्मको स्वास्थ्य बीमा सुविधा, निःशुल्क डेबिट कार्ड समेत उपलब्ध गराउने छ।

बीमा योजनामा १६ देखि ६५ वर्ष उमेर समुहका खातावालले रु. २०,०००।- सम्मको स्वास्थ्य बीमा प्राप्त गर्न सक्नेछन्। यस योजनाको बीमा प्रदायक कम्पनी सिद्धार्थ प्रिमियर इन्स्योरेन्स कम्पनी लिमिटेड रहेको छ। बैंकले आफ्ना बचत खाताहरूमा थप परिमार्जन तथा अद्यावधिक गर्दै ग्राहक मैत्री तथा समय सान्दर्भिक बनाउदै जाने विश्वास लिएको छ। दीगो आर्थिक विकासकालागि बचत परिचालन तथा स्वास्थ्य बीमा सुविधा आम मानव जिवनको महत्वपूर्ण दुई साधनका रूपमा विकसित हुँदै आएका छन्। कुमारी बैंकले यी दुई महत्वपूर्ण साधनहरूलाई एउटै योजनामा आवद्ध गरी आफ्ना ग्राहकहरू माझ प्रस्तुत गरेको छ। न्यूनतम मौज्दात, उच्च ब्याजदर र स्वास्थ्य बीमा सुविधा तथा निःशुल्क डेबिट कार्ड समेत उपलब्ध गराएको यस योजना नेपाली बैंकिङ्ग क्षेत्रमा उपलब्ध उत्कृष्ट बचत खाताहरूमा पर्ने बैंकले विश्वास लिएको छ।

विगत २२ वर्ष देखि निरन्तर बैंकिङ्ग सेवा दिदै आएको कुमारी बैंकले आफ्ना देशभर रहेका ३०२ शाखा सञ्जाल, ३१४ एटिएम, ५० एक्सटेन्सन काउन्टर तथा ६५ शाखा रहित बैंकिङ्ग ईकाईहरू मार्फत आफ्ना ग्राहकवर्गलाई अत्याधुनिक तथा प्रभावकारी सेवाहरू प्रदान गर्दै आइरहेको छ र आगामी दिनहरूमा पनि अझ सरल, सुलभ तथा उत्कृष्ट सेवाका निमित्त सहकार्यहरू गर्दै जाने प्रतिबद्धता जनाएको छ।

# समृद्धि फाइनान्सको सञ्चालकमा बर्तौला नियुक्त




**काठमाडौं (प्रस)–** समृद्धि फाइनान्सको सञ्चालकमा दिनेश कुमार बर्तौला नियुक्त भएका छन्। संस्थाको हालै बसेको सञ्चालक समितिको निर्णय बमोजिम संस्थापक सेयरधनी पद्मोदय प्राइभेट लिमिटेडको तर्फबाट बर्तौलालाई सञ्चालक पदमा नियुक्त गरेको हो।

पद्मोदय प्राइभेट लिमिटडले प्रतिनिधी संचालक राम कुमार बर्तौलाको स्थानमा दिनेश कुमार बर्तौलालाई मनोनित गरी पठाएको हुँदा संस्थाको पुतलिसडक कार्यालय काठमाडौंमा आयोजित एक कार्यक्रमका बीच सञ्चालक समितिका अध्यक्ष ठाकुर प्रसाद भट्टराईसमक्ष नव नियुक्त सञ्चालक बर्तौलाले सपथ लिएका थिए।

नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको समृद्धि फाइनान्स कम्पनी लिमिटेडले हाल १३ वटा शाखाहरू मार्फत कारोबार गर्दै आएको छ भने आर.टि.जि.एस, आइपीएस, कनेक्ट आइपीएस, रेमिटान्स, क्लियरिङ्ग लगायतका बैंकिङ्ग र मोवाइल बैंकिङ्ग, डेबीट कार्ड, क्यू.आर कोड जस्ता डिजिटल सुविधाहरू प्रदान गरिरहेको छ।

# सिन्धुलीमा कोरिया–नेपाल मोडेलको डेरी भिलेज

**सिन्धुली–** सिन्धुलीको कमलामाई नगरपालिका-५ मा कोरिया-नेपाल मोडेल डेरी भिलेजको उद्घाटन गरिएको छ। नेपालस्थित गणतन्त्र कोरियाका राजदूत पार्क तेइ योङ, कृषि तथा पशुपक्षी विकास मन्त्रालयका सचिव डा रेवतीरमण पौडेल र कमलामाई नगरपालिकाका प्रमुख उपेन्द्रकुमार पोखरेलले संयुक्तरूपमा उक्त भिलेजको उद्घाटन गरे।

उक्त अवसरमा किसानलाई नेपालमा पहिलोपटक जन्मिएको होलिस्टाइन जातको बाच्छी हस्तान्तरण गरिएको छ। गत वर्ष पुसमा हेफर इन्टरनेशनल नेपालको सहयोगमा यहाँका ५० परिवारलाई होलिस्टाइन जातका गाई वितरण गरिएको थियो। सोहीमध्ये गुणकुमारी घिमिरेले पालेको होलिस्टाइन जातको गाईले जन्म दिएको 'गाम्सा' नामक बाच्छी कोरियाली राजदूत योङ, मन्त्रालयका सचिव पौडेललगायतको उपस्थितिमा किसान उमा सुवेदीलाई हस्तान्तरण गरिएको हो। सो अभियानअन्तर्गत होलिस्टाइन जातका गाई प्राप्त गर्ने किसानले पहिलो बेतको बाच्छी उपहारस्वरूप अन्य किसानलाई दिनुपर्ने नियम छ।

कोरियाली राजदूत योङले होलिस्टाइन जातको बाच्छी हस्तान्तरण र मोडेल डेरी भिलेज उद्घाटनका अवसरमा सहभागी हुन पाउँदा खुसी लागेको भन्दै सफलताको कामना गरे। 'नेपाल र गणतन्त्र दक्षिण कोरियाबीचको कूटनीतिक सम्बन्धको ५०औं वार्षिकोत्सवका अवसरमा बाच्छी हस्तान्तरण र मोडेल डेरी भिलेजको शुभारम्भ ऐतिहासिक र दुई देशबीचको सुमधुर सम्बन्धको संकेत हो', उनले भने, 'मोडेल डेरी भिलेजले आगामी दिनमा दुई देशबीचको सम्बन्धलाई अझ बलियो बनाउन सहयोगी भूमिका खेल्ने विश्वास छ।'

कृषि तथा पशुपक्षी विकास मन्त्रालयका सचिव डा पौडेलले मोडेल डेरी भिलेज एक वर्षको मेहनतको फल भएको उल्लेख गर्दै आगामी दिनमा सामूहिक सहकार्यमा जोड दिएर अघि बढ्न सुझाव दिए। होलिस्टाइन गाईबाट उत्पादन हुने दूधको बजारीकरण लगायतका लागि मन्त्रालय सहयोग गर्न तयार रहेको उनको भनाइ थियो।

'कमलामाई नगरपालिकाका-४ र ५ मा जस्तै होलिस्टाइन जातका गाई अन्य स्थानमा पनि विस्तार गर्नुपर्छ। यसका लागि मन्त्रालय सहयोग गर्न तयार छ', सचिव डा पौडेलले भने, 'दूधको बिक्री र दुग्घजन्य वस्तुको उत्पादन गर्नेगरी आवश्यक तयारी सुरु गर्नुपर्छ।'

कमलामाई नगरपालिकाका प्रमुख पोखरेलले होलिस्टाइन जातको गाईपालन विस्तार गर्दै लैजाने र उत्पादित दूधलाई बजारीकरणका लागि नगरपालिकाले सहजीकरण गर्ने बताए। 'कोरिया सरकार, हेफर इन्टरनेशनललगायत सङ्घसंस्था र स्थानीय किसानको प्रयासबाट मोडेल डेरी भिलेजको अवधारणाले मूर्तरूप लिएको हो', उनले भने, 'होलिस्टाइनजस्ता उन्नत जातका गाईपालनबाट यहाँका किसानको जीवनस्तर उकास्ने अपेक्षा गरिएको छ।' कमलामाई-४ र ५ मा हेफर इन्टरनेशनल नेपालको आर्थिक तथा प्राविधिक सहयोग तथा सिन्धुली एकीकृत विकास सेवा नेपाल र लाभान्वित समुदायको सहकार्यमा दुग्ध क्षेत्र रूपान्तरण परियोजना सञ्चालन गरिएको ो हो। नेपाल सरकार र हेफरको माग तथा सक्रियता, कोरिया सरकार तथा हेफर कोरियाबाट नेपालको दुग्ध क्षेत्र रूपान्तरण गर्ने उक्त परियोजना गत आर्थिक वर्ष २०७९/८० देखि सुरु भएको हो। *रासस*

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्णबहादुर कार्की, सम्पादकः विष्णु तामाङ